म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक १३९ सोमबार, १५ पुस २०८१ ने. सं. ११४५ थिलागा 30 December 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## बोलेरो दुर्घटनामा एकको निधन

हेटौंडा, १४ पुस/मकवानपुरको राक्सिराङ गाउँपालिका-५, चाक्लेबगरस्थित भित्री सडकखण्डमा आइतबार दिउँसो बोलेरो पिकअप गाडी दुर्घटनामा परेर गम्भीर घाइते भएका पुरुषको मृत्यु भएको छ । मृत्यु हुनेमा कैलाश गाउँपालिका-३ बस्ने वर्ष ५६ को शन्तबहादुर गोम्बा रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । प्रहरीका अनुसार, दिउँसो मनहरीबाट कैलाश गाउँपालिकातर्फ जाँदै गरेको सुदुरपश्चिम प्र. ०१-००१ च २९४६ नं. को बोलेरो पिकअप गाडी ब्रेक फेल भई सडकबाट अन्दाजी ४ मिटर तल खसेर दुर्घटना हुँदा गोम्बा गम्भीर घाइते भएका थिए । घाइते गोम्बालाई तत्काल उद्दार गरी उपचारको लागि मनहरी अस्पतालतर्फ पठाइएको थियो । उनको सोही अस्पतालमा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ । गाडीमा ८ जना सवार थिए । अन्य यात्रु भने सबै सकुसल छन् । बलेरो घटनास्थलमै रहेको र गाडी चालक सम्पर्कमा नरहेको भन्दै प्रहरीले खोजतलास गरिरहेको बताइएको छ । घटनाको बारेमा आवश्यक अनुसन्धान गरिरहेको प्रहरीको भनाई छ । मृतक गोम्बाको शव हेटौंडा अस्पतालको शवगृहमा राखिएको छ ।

## नारामै सीमित 'एक पालिका एक औद्योगिक ग्राम'

साझाकुरा संवाददाता

हेटौंडा, १४ पुस/ नेपाल सरकारको संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सातवटै प्रदेशका सबै स्थानीय तहमा औद्योगिक ग्राम निर्माण गर्ने कार्यक्रम अघि सारेको थियो । आर्थिक वर्ष २०७६/७७ मा मुलुकमा ४५ वटा स्थानीय तहमा औद्योगिक ग्राम घोषणा गरियो ।

आर्थिक वर्ष २०७७/०७८ मा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको एक सय ३० औद्योगिक ग्राम बनाउने योजना रहे पनि ३९ वटा मात्रै घोषणा गरियो । आर्थिक वर्ष २०७८/७९ मा ५० वटा औद्योगिक ग्राम घोषणा गर्ने सरकारको लक्ष्य तर, २१ वटा औद्योगिक ग्राम घोषणा भयो । छरिएर रहेका उद्योगलाई एकैस्थानमा समेटेर स्थानीय स्रोतसाधन, कच्चापदार्थ, प्रविधि र सीप प्रयोग गरी स्थानीयस्तरमै रोजगारी बढाउने उद्देश्यले औद्योगिक ग्राम सञ्चालन गर्न लागिएको थियो ।

तर, मकवानपुरको थाहानगर बाहेक कुनैपनि स्थानीय तहले औद्योगिक ग्राम निर्माण गर्न चासो देखाएनन् । संघीय सरकारको योजनाअनुसार भौगोलिक परिवेशका आधारमा फरक-फरक क्षेत्रफलमा औद्योगिक ग्राम बनाउने तयारी थियो । हिमाली भेगमा २५ रोपनी, पहाडी भेगमा ३५ रोपनी र तराइमा ७ बिघामा औद्योगिक ग्राम स्थापना गर्ने कार्यबिधि बनाएको थियो । तोकिएको जग्गाको ६० प्रतिशतमा उद्योग स्थापना हुने र पाँच प्रतिशतमा प्रशासनिक तथा सेवाकेन्द्र बनाउने, १० प्रतिशत जमिनमा हरियालीक्षेत्र, १५ प्रतिशत मूल सडक तथा सहायता सडकक्षेत्र, विपद व्यवस्थापन क्षेत्र, खुलामैदान तथा पार्क र अन्य सेवाक्षेत्र (पार्किङ, लोड-अनलोड, स्वास्थ्यकेन्द्र) का लागि छुट्याउने योजना थियो ।

औद्योगिक ग्राम बनाउन जग्गा भने स्थानीय तहले नै खोज्नुपर्ने, जग्गा छनोट गर्दा आर्थिक तथा भौगोलिक दृष्टिले उपयुक्त हुनुका साथै सरकारी जग्गा नै हुनुपर्ने औद्योगिक ग्राम घोषणा तथा सञ्चालनसम्बन्धी कार्यविधि, २०७५ मा उल्लेख गरिएको छ । सार्वजनिक जमीनमा औद्योगिक ग्राम बनाउँदा पाटी, पौवा, गौचरन मासिने भएकाले सरकारी जग्गामा मात्र बनाउने प्रावधान राकिएको थियो ।

कार्यविधि अनुसार औद्योगिक ग्राम मानववस्तीभन्दा कम्तीमा पाँच सय मिटर टाढा हुनुपर्ने, अन्तर्राष्ट्रिय सीमादेखि न्यूनतम दुई किलोमिटर टाढा हुनुपर्ने थियो । ग्रामभित्र प्रशासनिक भवन, बैंक तथा वित्तीय संस्था, दिवा शिशु स्याहार केन्द्र, अग्निनियन्त्रण व्यवस्था, सामान प्रदर्शनी तथा बिक्रीकक्ष, शौचालय तथा स्नानगृह, पार्किङ, क्यान्टिन र प्राथमिक स्वास्थ्यकेन्द्र बनाउनु पर्ने कार्यबिधिले तय गरेको छ ।

ग्रामभित्र कृषि तथा वनजन्य, ऊर्जामूलक र सेवामूलक, स्थानीय तहले उपयुक्त ठानेका उद्योग रहने गरी तीनै तहको सरकारको लागत सहभागिता रहने व्यवस्था गरिएको थियो । स्थापनाका लागि कुल परियोजना लागतको ४० प्रतिशत अर्थात् ३ करोड रुपैयाँसम्म संघीय सरकारले दिने र बाँकी स्थानीय तथा प्रदेश सरकारले हाल्नुपर्ने कार्यबिधि बनाइएको छ । मकवानपुरको थाहा नगरपालिकाले त्रिभुवनराजपथस्थित नौखण्डेको देउरालीमा औद्योगिक ग्राम स्थापना गर्ने तयारी गरेको तीन वर्ष भएको छ । नगरपालिको औद्योगिक ग्राम स्थापनाको लागि बृस्तृत परियोजना पस्ताव (डीपीआर) तयार पारेको थियो ।

नेपालकै पुरानो राजपथ मानिने त्रिभुवन राजपथसँग थाहा नगरको औद्योगिक ग्राम जाडिएको छ । थाहा-११ नौखण्डेको देउरालीमा औद्योगिक ग्राम स्थापनाका लागि ९० लाख रुपैयाँको बोलपत्र मार्फत काम गरिएको नगरप्रमुख बिष्णु बिष्टले जानकारी दिए । स्थानीय घरेलु उद्योगलाई प्रोत्साहन गरी बिक्री कम हुने समयका तरकारीलाई सुख्खा बनाई स्वरुप परिवर्तन गरेर पुन: उपभोग गर्न मिल्ने गरी बिक्री गर्ने व्यवस्था गर्ने खालका औद्योगिक प्रतिष्ठानलाई प्राथमिकता दिइने नगर प्रमुख बिष्टले बताए ।

स्थानीय कच्चापदार्थको उपयोग गर्ने खालका औद्योगिक प्रतिष्ठान स्थापना गर्नका लागि औद्योगिक ग्रामको जमीन सम्याउने र सडक, विद्युत, खानेपानीको पूर्बाधार तयार गर्ने काम गर्न बोलपत्र आब्हान गरिएको नगर प्रमुख बिष्टले जानकारी दिए । नौखण्डेको मनकामना मन्दिर आसपासमा रहेको करिब एक सय रोपनी जमिनमा औद्योगिक ग्राम स्थापनाको लागि तयारी भएको नगरप्रमुख बिष्टले बताए । कच्ची सडक पुगेको भएपनि त्यसलाई स्तरीकरण गर्ने, पानी, विद्युत, टेलिफोन जस्ता पूर्बाधार उपलब्ध गराउने काम भइरहेको नगरप्रमुख बिष्टले जानकारी दिए ।

थाहा नगरको औद्योगिक ग्राममा औद्योगिक प्रतिष्ठान स्थापनाका लागि हालसम्म लगानीकर्ता कसैले पनि आबेदन दिएका छैनन् । 'हामीले पूर्बाधार तयार गर्नै बाँकी भएकोले उद्योग राख्नका लागि आब्हान गर्न सकेका छैनौं'-नगरप्रमुख बिष्टले भने । नगरबासीले उत्पादन गरेका तरकारी तथा खाद्यान्नको बजार व्यबस्थापनमा जोड दिइने थाहा नगरपालिकाले जनाएको छ ।

## बाघको आक्रमणबाट घाँस काट्न गएकी ७२ वर्षीया महिलाको मृत्यु

साझाकुरा संवाददाता

हेटौंडा, १४ पुस/ मकवानपुरको प्रश्चिमी क्षेत्रस्थित मनहरी गाउँपालिकामा भैंसीले बाघ मारेको घटना सेलाउन नपाउँदै बाघकै आक्रमणबाट एक जना वृद्ध महिलाको ज्यान गएको छ ।

मनहरी-५ बसन्तपुर गुम्बाटोलमा बाघको आक्रमणबाट धनबहादुर रूम्बाको श्रीमती ७२ बर्षीय कान्छिमाया रुम्बाको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ । रूम्बालाई साँझ ५ बजेतिर घर नजिकैको खोल्सामा बाघले आक्रमण गरेको जनाइएको छ । बाघ गाउँ पसेर एक जनाको ज्यान लिएको घटनापछि बसन्तपुर गाउँ त्रसित बनेको छ ।

मृतक रूम्बा घर नजिकै बारीमा घाँस काट्न गएकोमा अबेरसम्म घर नफर्किएपछि खोजी गरिएको थियो । आफन्तले खोजी गर्दै जाने क्रममा घरबाट करिब ५०० मिटर पूर्व हेटौंडा उपमहानगरपालिका-५ बस्ने किशोर बर्तौलाको बारीमा शरीरमा चोट लागेको मृत अवस्थामा फेला परेको प्रहरी निरीक्षक ठाकुरप्रसाद सापकोटाले जानकारी दिए । घटनाबारे प्रहरीलाई राति करिब १० बजे मात्रै खबर भएको घटनास्थलमा अनुसन्धानका लागि खटिएका सापकोटाले बताए ।

मनहरीमा ४ महिना अघि मात्रै भैंसीले हान्दा बाघ मरेको थियो । गत ५ भदौमा मनहरी गाउँपालिका-६ प्रतापुरका बलबहादुर राईको गोठमा बाँधेको भैंसीलाई आक्रमण गर्ने क्रममा उल्टै भैंसीले प्रतिकार गर्दा बाघ मरेको प्रहरीको घटना मुचुल्का र चितवन राष्ट्रिय निकुञ्जको प्राविधिक टोलीको रिपोर्टले दाबी गरेको थियो । निकुञ्जले बुढो र घाइते भएकाले बाघलाई भैंसीको प्रहारले मृत्युको मुखमा पुर्याएको जनाएको थियो ।

चितवन राष्ट्रिय निकुञ्जको पूर्वी क्षेत्र मध्यवर्ती वनसँग मनहरी जोडिएकाले यहाँ हरेक वर्ष वन्यजन्तुको आक्रमणले जनधनको क्षति हुँदै आएको छ । स्थानीयले वन्यजन्तुको जोखिम न्युनीकरणका लागि तारबार लगाएर बस्ती क्षेत्रको संरक्षणको माग गर्दै आए पनि राज्यले ध्यान दिएको छैन । मनहरीको पश्चिम क्षेत्रमा पटक-पटक हात्तीले पनि बितण्डा मच्याउँदै आएको छ ।

मनहरी गाउँपालिकाको हेटौंडा उपमहानगरसँग सीमा जोडिएको पर्वी क्षेत्र पर्सा राष्ट्रिय निकुञ्जसँग पनि जोडिएको छ । पर्सा निकुञ्जबाट आएका वन्यजन्तुले पनि मनहरी-१ देखि ४ नम्बर वडा र हेटौंडाको १२, १३, १४ नम्बर वडामा आंतक मच्याउँदै आएका छन् ।

## हाँडीखोलाकी युवतीको श्वासप्रश्वासका कारण मृत्यु

साझाकुरा संवाददाता

हेटौंडा, १४ पुस/ मकवानपुरको मनहरी गाउँपालिका-२ स्थित भुन्द्रुङटाँडीकी विमला डिम्डुङको श्वासप्रश्वासमा समस्या आएका कारण मृत्यु भएको छ ।

१८ वर्षीया डिम्डुङ श्वासप्रश्वासको उपचारको क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । प्रहरीका अनुसार, डिम्डुङ श्वासप्रश्वासको समस्या आएपछि उपचारका लागि हेटौंडा अस्पतालमा लगिएको थियो । उनलाई थप उपचारको लागि सिएमसी चुरेहिल अस्पताल लगिएको शनिबार साँझ उपचारको क्रममा मृत्यु भएको हो ।

मृतक डिम्डुङ विगत ८ वर्षदेखि हेटौंडा उपमहानगरपालिका-१४ भोलनटोलस्थित मामा गंगाराम मोक्तानको घरमा बस्दै आएको प्रहरीले जनाएको छ । मृतकको बुवा ४० वर्षीय हर्कबहादुर डिम्डुङ डिल्लीबजार कारागारमा र ३६ वर्षीया आमा शान्तिकुमारी वैदेशिक रोजगारीको शिलशिलामा जोर्डनमा रहेको जनाइएको छ ।

## प्रादेशिक सडक संजाल बनाउँदै बागमती र मधेश प्रदेश



साझाकुरा संवाददाता

हेटौंडा, १४ पुस/मधेश प्रदेशको सर्लाहीको विष्णु गाउँपालिकादेखि हरिवन क्यानेश्वर हुँदै सिन्धुलीको मरिण गाउँपालिकाबाट मदन भण्डारी राजमार्गसँग सडक सञ्जाल जोड्ने तयारी गरिएको छ । बागमती प्रदेश सरकार र मधेश प्रदेश सरकारले दुई प्रदेश जोड्ने सडक सञ्जाल विस्तार गर्ने योजना सहित काम सुरु गरेका हुन् ।

सडक सञ्जाल विस्तार गर्नका लागि प्रारम्भिकचरणमा बागमती प्रदेश सरकारका आर्थिक मामिला तथा योजनामन्त्री र मधेश प्रदेश सरकारका अर्थ मन्त्रीले संयुक्त रुपमा अवलोकन गरेका छन् । बागमती प्रदेशको सिन्धुलीको मरिणदेखि मधेश प्रदेशको हरिवनसम्म करिब ६० किलोमिटर सडक सञ्जाल विस्तार गर्ने प्रारम्भिक तयारी गरिएको आर्थिक मामिला तथा योजना मन्त्रीका निजी सचिव अनुप अधिकारीले जानकारी दिए ।

अधिकारीका अनुसार हरिवन क्यानेश्वर खोलासम्म १३ किलोमिटर, क्यानेश्वर खोलादेखि मरिणसम्म २२ किलोमिटर र मरिणदेखि नेपालथोक हुम्जासम्म ३५ किलोमिटर सडक निर्माण गर्नुपर्ने प्रारम्भिक अनुमान गरिएको छ । मधेश प्रदेशको हरिवनदेखि जिमिलेडाँडासम्म करिब ८ किलोमिटर सडक निर्माण गर्नुपर्ने प्रारम्भिक अनुमान छ ।

सर्लाहीको विष्णु गाउँपालिकादेखि हरिवन क्यानेश्वर हुँदै मदन भण्डारी राजमार्ग अवलोकन गर्ने क्रममा बागमती प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री कुन्दनराज काफ्लेले सडक निर्माणका लागि प्रदेश सरकार इमान्दारीपूर्वक लाग्ने बताए । प्रदेश सरकारले पुल निर्माण गरिसकेको जानकारी दिँदै उनले प्रदेश सरकारले नीति तथा योजनामै प्रादेशिक सडक र आन्तरिक जिल्ला जोड्ने सडक विशेष प्राथमिकतामा राखेको बताए । मन्त्री काफ्लेले स्थानीयवासीलाई उत्पादनमा जोड दिन आग्रह गर्दै सडक निर्माण पश्चात् यहाँको उत्पादन बजारीकरणमार्फत् अर्थतन्त्रसँग जोडिन आग्रह गरे ।

मन्त्री काफ्लेले सिन्धुलीमा उत्पादन भएको जुनारलगायतका उत्पादन मधेश प्रदेशमा पुर्याउनुपर्नेमा जोड दिए । अर्थमन्त्री काफ्लेले मधेशीको आन्दोलनबाट संघीयता आएको बताउँदै दुबै प्रदेश जोड्ने सडक सञ्जाल निर्माणलाई प्रदेशको पहिलो कामकारुपमा अगाडि बढाउने बताए । शिक्षासँगै सडक र विकास निर्माणमा सरकार लागिरहेको बताउँदै मन्त्री काफ्लेले देशभर ठुला योजना सम्पन्न गरिरहेको जानकारी दिए । 'हाम्रो मुलुक विदेशीले बनाउने होइन हामी आफैं मिलेर बनाउनुपर्छ,' मन्त्री काफ्लेले भने । बागमती प्रदेशमा पर्ने सडक प्रदेश सरकारले बनाउने उनको प्रतिबद्धता छ ।

मधेश प्रदेश सरकारका अर्थमन्त्री सुनिलकुमार यादवले दुई प्रदेश जोड्ने महत्वपूर्ण सडक भएकाले योजना बनाएर काम गर्ने बताए । मन्त्री यादवले मधेश प्रदेश सरकारले प्राथमिकताका साथ यो सडक सञ्जाल निर्माण गर्ने प्रतिबद्धता जनाए । कार्यक्रममा मधेश प्रदेश र बागमती प्रदेशका जनप्रतिनिधिसहित हरिवन उद्योग वाणिज्य संघका प्रतिनिधिको सहभागिता थियो । दुई प्रदेशको सम्बन्ध स्थापना गर्न सडक सञ्जालले महत्वपूर्ण भूमिका खेल्ने भएकाले यो सडक प्राथमिकतापूर्ण सडकको रुपमा रहेको बताइएको छ ।

## लागुऔषध सेवन गर्ने चालक कारबाहीमा

साझाकुरा संवाददाता

हेटौंडा, १४ पुस/ हेटौंडामा लागुऔषध सेवन गरी सवारी चलाउने ३ जना चालकलाई ट्राफिक प्रहरीले नियन्त्रणमा लिएर कारबाही प्रक्रिया सुरु गरेको छ ।

आइतबार बिहान पूर्वपश्चिम राजमार्गअन्तर्गत हेटौंडा-११ मा जिल्ला ट्राफिक प्रहरी कार्यालय हेटौडा र जिल्ला प्रहरी कार्यालय मकवानपुरबाट संयुक्त खटिएको प्रहरीटोलीले जिल्ला जनस्वास्थ्य कार्यालय मक्वानपुर र सिएमसी चुरेहिल अस्पताल हेटौंडाबाट खटिएको प्राविधिक टोलीको सहकार्यमा सवारी चालकको स्वास्थ्य परीक्षणका क्रममा तीनजना चालकले लागूऔषध प्रयोगगरी सवारी चलाएको पाइएपछि नियन्त्रणमा लिइएको मकवानपुर प्रहरीले जनाएको छ ।

सवारी दुर्घटना तथा क्षती न्युनीकरणको लागि सवारी साधन रोकी चालकको ड्रक्स टेस्ट किटबाट स्वास्थ्य परीक्षण गर्ने क्रममा ना ६ ख ३१२४ नम्बरको ट्रक चालक सर्लाही हरिवन-७ बस्ने वर्ष ३१ को अनराज कार्की, ना ६ ख १७२९ नम्बरको ट्रक चालक हेटौंडा-८ बस्ने वर्ष ३२ को बिक्रम थापा र ना ४ ख ५१११ नम्बरको ट्यांकर चालक मकवानपुर मनहरी-९ बस्ने वर्ष ३१ को अशोक थोकरले लागुपदार्थ सेवन गरेको पाईएकोले नियन्त्रणमा लिइएको मकवानपुर प्रहरी प्रवक्ता प्रहरी नायवउपरीक्षक श्याम् अर्यालले जनाएका छन् ।

पक्राउ परेका सबैलाई मकवानपुर जिल्ला अदालत हेटौंडाबाट ५ दिनको म्याद थप गरी आवश्यक अनुसन्धान प्रक्रिया अघि बढाइएको जनाइएको छ । मापसे एवम् लापसे गरी राजमार्गमा सवारी चलाउने क्रम बढेको जनगुनासो आएको छ । चिसो मौसममा अधिकांश सवारी चालकले लागुऔषध सेवन गरी सवारी चलाएको जनगुनासो आएको हो ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत




☞ मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
☞ इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३



साझाकुरा

## हाम्रो कुरा

# प्रदेशको मनमौजी नियुक्ति

नेपाली समाजमा एउटा उखान छ 'लुटको धन, फुपुको श्राद्ध' । तीनै तहका सरकार संचालकले यही उखान चरितार्थ गरिरहेका छन् । बागमती प्रदेशका विभिन्न निकायमा गरिने नियुक्तिमा राजनीतिक भागबण्डाबाट पद बाँडफाँड गरियो । दीर्घकालीन असर पार्ने नियुक्तिमा शासकहरुको कतिसम्म मनमौजी चल्छ ? आफन्तलाई नियुक्ति दिएकै कारण क्षमता भएका ब्यक्तिमा नैराश्यता बढ्ने नै भयो । संघीयताबिरोधी तत्वलाई मलजल पुग्ने काम सत्तासिनबाटै भएका छन् । बागमती प्रदेशका मुख्यमन्त्री बहादुरसिंह लामा र सामाजिक विकासमन्त्री हरिप्रभा खड्गीले प्रदेश सरकारका महत्वपूर्ण र संवेदनशील निकायलाई खेलौना जसरी पद बाँडेका छन् । मुख्यमन्त्री लामाले प्राविधिक शिक्षा दिएर जनशक्ति उत्पादन गर्ने निकाय प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम परिषद् (सिटिईभिटी)मा आफ्नो नजिकको कार्यकर्ता रोज्दा मन्त्री खड्गीले संवेशनशील क्षेत्र अस्पतालमा आफ्नै श्रीमानलाई नियुक्ति दिलाएकी छन् । प्रदेशका रिक्तपदमा धमाधम नियुक्ति चलिरहँदा दुई दलीय सरकारका नेपाली कांग्रेस र नेकपा एमालेलाई भागबण्डा मिलाएर ती सबै भइरहेका छन् । दुई दलीय भागबण्डा मात्रै लागेको छैन ।

पछिल्लोपटक भएको दुई निकायको नियुक्तिमा मुख्यमन्त्री लामा र कांग्रेस नेतृसमेत रहेकी सामाजिकमन्त्री खड्गीले नियुक्तिमा बाँडफाँड गरेको चर्चा व्यापक छ । प्रदेशको ११ वटा प्रादेशिक अस्पतालले अध्यक्ष पाउँदा टोखा चण्डेश्वरी अस्पताल काठमाडौंको अध्यक्षमा काठमाडौं-१८ घर भएका प्रकाश खड्गीले नियुक्ति पाए । उनलाई स्वास्थ्य मन्त्रालयले मन्त्रीस्तरीय निर्णयबाट ८ पुसमा नियुक्त गरेको हो । खड्गी समाजिका विकासमन्त्री हरि प्रभाका श्रीमान हुन् । प्रकाशसँग स्वास्थ्यक्षेत्रको कुनै अनुभव छैन । श्रीमती मन्त्री भएकै कारण उनले अस्पतालको अध्यक्ष पाएको बताइएको छ । ११ पुसमा बसेको प्रदेशको मन्त्रिपरिषद् बैठकले प्रदेश प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम परिषद् (सीटीईभिटी)को प्रमुख कार्यकारी निर्देशकमा शान्ति लामालाई नियुक्त गऱ्यो । सिटिईभिटीको निर्देशन नियुक्ति गर्ने सम्बन्धमा शिक्षा हेर्ने सामाजिक विकासमन्त्री खड्गीले मन्त्रिपरिषद्मा सिफारिस गरेकी हुन् । नुवाकोट, म्यागङ गाउँपालिका-४ घर भएकी लामा पालिकाको निवर्तमान उपाध्यक्ष हुन् । उनी मुख्यमन्त्री लामाको नजिकको कार्यकर्ता हुन् । सामाजिक विकास मन्त्रालयको प्रमुख कार्यकारीनिर्देशक छनोट तथा सिफारिस समितिले निर्देशक नियुक्तिका लागि ३ जना उम्मेदवारको नाम सिफारिस गरेको थियो । समितिले नुवाकोटकी लामा, मध्यपुरठिमी नगर पालिकाका बद्रीप्रसाद दाहाल र चितवन भरतपुरका ईश्वरचन्द्र पौड्यालको नाम सिफारिस गरेको थियो । सामाजिक विकासमन्त्री खड्गीले भक्तपुरका दाहालको नाम अगाडि सारेकी थिइन् भने मुख्यमन्त्री लामाले आफ्नै कार्यकर्ताको पक्ष लिएका थिए ।

मुख्यमन्त्री लामाले यसअघि प्रदेश खेलकुद विकास परिषद्मा नुवकोटकै दीपक लामालाई नियुक्ति गरेका थिए । यसैगरी, प्रदेशको स्वास्थ्य मन्त्रालयले नयाँ स्वास्थ्य सेवा ऐन, २०७५ को पहिलो संशोधन जारी भएपछि ८, ९ पुस र २७ मंसिरमा गरेर सिन्धुली र हेटौंडा अस्पतलबाहेक ११ वटा जिल्लाका अस्पतालमा अध्यक्ष नियुक्त गरेको थियो । हेटौंडा अस्पतालको सञ्चालन तथा व्यवस्थापनको अध्यक्ष मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानका रजिष्ट्रार हुने कानुनी व्यवस्थाले यहाँ नियुक्ति भएन । सिन्धुलीसहित १२ वटा अस्पतालका लागि कांग्रेस र एमालेबीच ६-६ जनाको भागबण्डा लागेको स्वास्थ्य मन्त्रालय स्रोतले जनाएको छ । एमालेको भागमा चितवन, धादिङ, काभ्रे, रामेछाप, दोलखा, ललितपुर परेको थियो । कांग्रेसको भागमा सिन्धुलीसहित नुवाकोट, रसुवा, सिन्धुपाल्चोक, काठमाडौं, भक्तपुरको अस्पताल भाग लागेको थियो ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१११९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ पुस १६ गते मंगलबार ३१ डिसेम्बर २०२४ । प्रतिपदा, पौष शुक्लपक्ष । पोहेलाथ्व ११४५ ने.सं. । सूर्योदय ६:५६, सूर्यास्त ५:१८ । तोल ल्होसार । राष्ट्रिय मेलमिलाप दिवस

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : मित्रसंग विवाद हुनसक्नेछ | **तुला** | : विवाद हुन सक्ने |
| **वृष** | : धन खर्च हुनेछ | **वृश्चिक** | : मनलाई नियन्त्रण गर्नुपर्नेछ |
| **मिथुन** | : भेटघाटमा समय बित्नेछ | **धनु** | : आफन्तको सहयोग मिल्नेछ |
| **कर्कट** | : सम्पत्तिको खचपच हुनेछ | **मकर** | : यात्राको लागि राम्रो समय छ |
| **सिंह** | : सुखभोगको समय रहेकोछ | **कुम्भ** | : सोचेजस्तो सहयोग मिल्नेछैन |
| **कन्या** | : आर्थिक लाभ मिल्नेछ | **मीन** | : समय पूजापाठमा बित्नेछ |

# शेरबहादुर र गगन मिल्नु खराब होइन



✍ पुरञ्जन आचार्य

१४ औं महाधिवेशन पश्चात् डा. शेखर कोइराला-गगन थापा समूहले पार्टी सुधार्ने साझा एजेन्डा तय गर्नुपर्ने थियो, तर बनाएको देखिएन । पार्टी सुधारका साझा एजेन्डा बन्न नसकेपनि राष्ट्रिय एजेन्डा बन्नुपर्ने थियो । पार्टी र देशका लागि शेखर-गगन बीच साझा एजेन्डा भएनन् । महाधिवेशन पछि नेताद्वयबीच यथोचित छलफल हुनसकेन । 'कम्युनिकेसन ग्याप' हुँदा दुवैतिरका व्यक्तिले चलखेल गर्ने काफी अवसर प्राप्त गरे । गगन सभापति हुँदा आफ्नो स्वार्थ पूरा हुने एकथरी हुन्छन् भने शेखर बन्दा अर्कोथरि । गगन महामन्त्री भइसक्दा पनि आफ्नो स्वार्थ पूर्ति नभएको कैयनलाई लाग्दो होला ।

पदाधिकारीमा सर्वाधिक मत ल्याएर महामन्त्री जितेका गगनको हैसियत पार्टीबाट टिकट दिँदा देखियो भनेर सोच्ने पनि छन् । शेखरले ४० प्रतिशत मत ल्याएर पनि पार्टीमा हस्तक्षेपकारी भूमिका हुन सकेन । तर, यी दुवै एकताबद्ध भएको बेला मात्र हस्तक्षेपकारी भूमिका बेला सम्भव हुन्थ्यो । एकताबद्ध बनाउने माध्यम पार्टी र राष्ट्रिय एजेन्डा बन्न सक्ने थियो । पार्टीभित्र विसंगति, विचलन, अन्याय काफी छ । टिकट वितरण, समानुपातिक उम्मेदवार छनोट, पदाधिकारी चयन लगायतमा विसंगति छ । पार्टीको नाममा भ्रष्टाचार, अराजनीतिक क्रियाकलाप भइरहेको छ । पार्टी सुधारको एजेन्डा यी मुद्दा दुवै जनाले उठाउनुपर्नेछ । पार्टी सुधारको मुद्दा नहुँदा व्यक्ति-व्यक्तिको महत्त्वाकाङ्रुक्षा अगाडि बढ्यो ।

शेखर-गगन भक्तगणबाट मुक्त हुनसके भने मिलन सम्भव छ । शेखरलाई गगन पक्षबाट गाली गर्ने र गगनलाई शेखर पक्ष भएर गाली गर्ने र आफ्नो दुनो सोझ्याउन लाग्नेबाट मिलन अप्ठ्यारो बनिरहेको छ । कांग्रेसको परम्परागत नेतृत्व रहेको परिवारबाट आएका शेखर र सडक मार्फत संघर्ष गर्दै आएका गगन यो समूहका बलियो पक्ष हो । दुवैको आ-आफ्ना बलको संयोजनले 'नयाँ कांग्रेस' बन्ने अपेक्षा पार्टीमा थियो । दुवै एक ठाउँमा हुनुपर्ने कांग्रेसको आवश्यकता हो ।

शेखर-गगन दुवैले व्यक्तिगत महत्वाकाङ्क्षा छोडिदिनुपर्छ । कार्यकर्ताले आफ्नो इच्छाअनुसार जे दिन्छन्, त्यही पदमा पुग्ने हो । पार्टी एजेन्डा प्रमुख भयो भने शेखर-गगन विवादै हुँदैन । यहाँसम्म जे हुनु भयो भनेर दुवै जनाले आत्मसाथ गरेर अगाडि मिलेर जानुपर्छ भन्न सक्दा मिल्ने अवस्था पनि छ । तर, उनीहरूले त्यो कुरा आत्मदेखि महसुस गर्नुपर्दछ । कुण्ठा र महत्कांक्षा दुवैले त्याग्नुपर्दछ । शेखर-गगन भक्तगणबाट मुक्त हुनसके भने मिलन सम्भव छ । शेखरलाई गगन पक्षबाट गाली गर्ने र गगनलाई शेखर पक्ष भएर गाली गर्ने र आफ्नो दुनो सोझ्याउन लाग्नेबाट मिलन अप्ठ्यारो बनिरहेको छ ।

कांग्रेसका नेताहरूलाई आफूप्रति शतप्रतिशत बफादार व्यक्ति चाहिएको छ । आलोचना र सुझाव सुन्नै नचाहने प्रवृत्ति छ । उनीहरूको कुरालाई 'डेन्टिङ पेन्टिङ' गरिदिने व्यक्ति प्रीय हुने रहेछन् । शेखर-गगनको दुरी धेरै बढेकाले एक ठाउँमा आउन अप्ठ्यारो भइसकेको मेरो अनुमान छ । दुरी मेटाउन नदिनेहरू हाबी भइसके । तर, शेखर-गगनको मिल्ने आधार भने समाप्त भइसकेको छैन । व्यक्तिगत महत्त्वाकाङ्रुक्षा त्यागेर संवादमा बस्नुपर्दछ । पार्टीबाट पाउनुपर्ने पाइसकेका छन् । एक जनाले ४० प्रतिशत मत ल्याइसके । अर्को, चारपटक सांसद भइसके । गगनले पाएको अवसर डाह लाग्ने प्रकृतिको छ । क्षमता भएको व्यक्तिलाई पछाडि धकेल्नु हुँदैन भन्ने गगनका शुभचिन्तक धेरै थिए । कांग्रेसमा भित्र-भित्र सिध्याइएका धेरै व्यक्तिहरू पनि छन् ।

शेखरको स्वभाव गगनले नबुझेको जस्तो मलाई लाग्छ । शेखरले भन्दा गगनले कांग्रेसको बहुआयामिक विषय बढी बुझ्छन् । शेखरको स्वभाव बुझेर गगनले 'ह्यान्डलिङ' गर्नुपर्ने हो । शेखरसँगको सबल पक्षलाई लिएर गगनले संगत गरेको देखिएन । एक अर्काको सबल पक्षलाई ग्रहण नगरी कमजोरीलाई लिएर आफू-आफूमा आलोचना गरियो । एक अर्काको कमजोर पक्षलाई लिएर दुवैले प्रहार गरे ।

अविश्वासको बीउ संसदीय दलको चुनावबाट रोपियो र खाडल ठूलो हुनथाल्यो । संसदीय दलको चुनावमा प्रतिस्पर्धा गर्ने शेखरको पनि इच्छा थियो । गगन संसदीय दलमा नउठेको भए शेखर पनि उठ्ने थिएनन् भनी गरिएका कुरा झूट हुन् । गगन उठ्न नखोजेको भए शेखर उठ्नै नै थिए । संसदीय दलको नेतामा उठ्न शेखरलाई ठूलो दबाब पनि थियो । शेखर सँग मैले धेरै संगत गरेको छु । सामाजिक, पारिवारिक, विराटनगर (समान भूगोल) लगायतका कारणले म नजिक छु ।

अलि पहिले शेखरलाई देउवासँग मिल्यो भनेर जसले भनिरहेको छ, उसैले अहिले गगन-देउवासँग मिल्यो भनिरहेका छन् । यस्तो भन्नेहरूले गर्ने चलखेल नै यस्तै कुरामा हो । सभापति र महामन्त्री मिल्नु खराब त होइन नि ! तर, मिल्ने एजेन्डा चाहिं पवित्र हुनुपऱ्यो ।

पार्टी/सांगठनिक हित, मुलुकका लागि मिल्न पनि पऱ्यो । मलाई सभापति बनाउनुपऱ्यो भनेर गगनले लत्रेर देउवासँग गएको जस्तो लाग्दैन । मैले बुझेको कोइराला परिवार अनुसार शेखर र देउवा त मिल्दै मिल्दैनन् ।

शेरबहादुर कहिले पनि गिरिजाप्रसाद कोइरालासँग आफ्नो समूहका लागि लडेको होइन । बरु, देउवाका समूहका अरू अरू लड्थे । गिरीजासँग लड्ने मुड देउवाको थिएन । शेखर पनि देउवासँग लड्ने होइन, पार्टी चलाउन दिने हो । पार्टीभित्र अन्याय भए खबरदारी गर्छु भन्नुपर्दछ । सभापतिमा निर्वाचित हुनेलाई पराजित हुनेले पार्टी चलाउन सहयोग गर्ने हो । न्यायपूर्ण ढंगले पार्टी चलाउने कार्य भएन भने सशक्त हस्तक्षेप भने गर्नुपर्दछ । शेखर-गगन एकताबद्ध नहुँदा देउवालाई मनमौजी भएको छ । संगठित हुन इतर पक्ष चुक्यो ।

महाधिवेशन सकिएको तीन वर्ष बितेको छ । संसद, पार्टी बैठकमा इतरका नेताले शेखर प्रभावकारी भूमिकामा एकदमै कम देखे । शेखरले चाहिने जति पनि संसद र केन्द्रीय समितिमा नबोलेको सत्य हो । बोल्दै नबोलेको भने होइन । मुख्य कुरा कतिपटक बोले होइन, के बोले भन्ने हो । आफूले बोलेका कुरालाई तार्किक निष्कर्षमा पुऱ्याएकी पुऱ्याएनन् भन्ने हो ।

शेखर-गगन मिलन नसक्दा अर्को व्यक्ति नेतृत्वमा आउन पनि सक्छ । खराबै व्यक्ति आउन सक्ने सम्भावना प्रशस्तै छ । जोसँग पैसा छ, उही आउन सक्छ । पदाधिकारीमा पैसा हुने आइ सके त । हिजो महन्थ ठाकुर, रामबाबु प्रसाई कोषाध्यक्ष हुने कांग्रेसमा अहिले को आए ? शैक्षिक क्षेत्रमा असल होलान् पनि । कांग्रेसको कोष सम्हाल्न सक्ने व्यक्ति हुन् त ? पार्टी कर्पोरेट हाउस होइन नि ! कसैले विरोध गऱ्यो ? गलत मान्छेहरूको कांग्रेसमा बहुमत पुग्ने बेला भइसक्यो ।

*(साभार: अनलाइनखबर)*

# नेरु भारुसँग पेग हुनुका कारण र आर्थिक परिणाम

**के नेपालको आर्थिक भविष्य स्वतन्त्र विनिमय दरमा निर्भर छ त ? नेपालले दशकौंसम्म भारतीय मुद्रासँगको स्थिर विनिमय दरमा आफ्नो मुद्रा बाँधेर आर्थिक स्थिरता कायम राखेको छ । तर आजको जटिल आर्थिक परिवेशमा यो प्रणालीले दीर्घकालीन फाइदा दिने वा नयाँ चुनौतीहरूको आधार सिर्जना गर्ने सवाल गम्भीर बहसको विषय बनेको छ**



✍ अंशु भट्ट

नेपाल र भारतबीच सशक्त सांस्कृतिक, आर्थिक र भौगोलिक सम्बन्धहरू शताब्दीयौंदेखि छन् । ऐतिहासिकरूपमा नेपालले आफ्नै मुद्रा जारी गर्नुअघि कतिपय सीमावर्त नेपाली बजारमा भारतीय मुद्राको प्रयोग हुन्थ्यो । तर दुवै देशका बीच औपचारिक विनिमय दर भने सन् १९९३ मा कायम भयो । नेपाल राष्ट्र बैंकले भारतीय रिजर्भ बैंकसँग मिलेर नेपाली रुपियाँलाई भारतीय रुपियाँसँग स्थायीरूपमा १ भारतीय रुपियाँ बराबर १.६ नेपाली रुपियाँको दरमा पेग गऱ्यो । यो निर्णय ९० को दशकको शुरूमा मुद्रासम्बन्धी अस्थिरताका कारण गरिएको थियो । तर समयसँगै मुद्राको सटही दर परिवर्तन गर्ने प्रयत्न गरिए तापनि स्थायी दर भने पुरानै कायम रहिरह्यो ।

भारत नेपालको सबैभन्दा ठूलो व्यापारिक साझेदार थियो, जसले गर्दा आयात-निर्यातलाई सहज बनाउन त्यस समय स्थिर विनिमय दरको आवश्यकता बढ्दो देखिन्थ्यो । भारतीय रुपियाँसँग नेपाली रुपियाँ पेग गर्दा नेपालले मुद्रासम्बन्धी अस्थिरता घटाउन सक्यो, जसले व्यापार र लगानीका लागि स्थिर वातावरण प्रदान गर्नुको साथै व्यावहारिकतामा निकै सहयोग गऱ्यो । पेग प्रणालीले नेपालमा ६०-६५ प्रतिशत आयात भारतबाट हुने हुँदा आयातको मूल्यलाई स्थिर राख्न सहयोग गर्दथ्यो । साथै अन्तर्राष्ट्रिय आयात र निर्यातको कारोबार वृद्धिमा यसले सहजरुपमा नेपाली मुद्राको मूल्यांकन विदेशी मुद्रासँग गरेर निकै सहजता र व्यापारीकरणमा सहयोग गऱ्यो ।

यही कारणलाई मध्यनजर राख्दै सरकारले मुद्राको विनिमय दर सुनिश्चित गऱ्यो र हालसम्म पनि हामी नेपालीहरु यही पेग प्रणालीअनुसार मुद्राको कारोबार केवल भारतसँग मात्र होइन विश्वको हरेक मुद्रासँग गर्ने गर्दछौं । समयक्रमसँगै धेरै नेपाली युवाहरुले वैदेशिक रोजगारीबाट रेमिट्यान्स पठाउने प्रवृत्तिको विस्तार हुँदै गयो, जुन अवस्थामा स्थिर विनिमय दरले अझ प्रभावकारी मुद्राको सटही बनाउन मद्दत गऱ्यो । विगतको समयमा नेपाल भ्रमणमा आउने प्रमुख पर्यटकहरू भारतीय नै थिए, त्यसैले भारतबाट आउने पर्यटकहरूको लागि स्थिर विनिमय दरले लेनदेनलाई सरल बनाउन निकै सहज परिस्थिति बनायो, जसले गर्दा मुद्रा पेगको महत्व नेपालीहरुको लागि बढ्दै गयो ।

आजको समयमा पनि हाम्रो मुद्राको मूल्यांकन विश्वको हरेक मुलुकसँग भारतीय रुपियाँसँगै गर्ने गरिन्छ । प्रत्येक सेकेन्डमा विश्वको हरेक मुद्राको विनिमय दर फरक-फरक हुन्छ तर हाम्रो नेपाली मुद्राको सटही दर भारतीय रुपियाँमा सधैं एकसमान रहिरह्यो । अहिलेको अवस्थालाई नियाल्ने हो भने भारतीय मुद्राको विनिमय दर करिब दुई वर्षदेखि ओरालो लागेको छ, जसले गर्दा नेपालको मुद्राको सटही दर डलर सँग अहिलेसम्मकै महँगो सटही दरको रुपमा भेटिएको छ ।

आजको समयमा अमेरिकी १ डलर किन्नलाई नेपाली १३५.६६५ (०८१२२०२४) रुपियाँ तिर्नुपरेको छ । आखिर कहिलेसम्म भारतीय मुद्राको मूल्य घट्नेछ र नेपाली मुद्राको मूल्यांकन पनि त्यही अनुसार खस्किँदै जानेछ ? नेपाली बोर्डरको होटल, रेस्टुरेन्टहरुमा नेपाली १.३५ रुपियाँको सटही दर भारतीय १ रुपियाँसम्म पुगेको छ । यसअनुसार नेपाली मुद्राको मूल्यदर बढेको पाइन्छ, साथै नेपालको करिब २६.६ प्रतिशत आम्दानी वैदेशिक रोजगारबाट प्राप्त हुन्छ । साथै कालोबजारी र मनी लोन्डरिङ जस्तो आम्दानीका स्रोतहरू पनि नेपालमा तुलनात्मकरुपमा भारतीय देशको स्रोतभन्दा कम भेटिन्छन् । यस्तै विविध कारणले गर्दा नेपाली मुद्राको मूल्यांकन विद्यमान भारतीय मुद्राको सटही दरभन्दा बढी हुन आउँछ भन्ने बहसहरु निकै चलिरहेका पनि छन् ।

तर यसको अर्को पक्ष पनि छ, भारतको आर्थशास्त्र विगत केही वर्षदेखि सुधारात्मक देखिन्छ, जसले गर्दा भारतीय जीडीपी, व्यवसायीकरण र औद्योगिकीकरणमा निकै प्रगति भएको देखिन्छ । जसको अर्थ भारतीय मुद्राको माग र आपूर्ति विश्वबजारमा बढेको देखिन्छ, सोही कारणले गर्दा भारतीय मुद्राको मूल्यांकन क्रमश: घट्दै गएको छ । यस समयमा नेपाली मुद्रा भारतीय मुद्रासँग पेग गर्नु नेपालीहरुको लागि फाइदा वा नोक्सान भन्ने प्रश्नले नेपालीहरुको मानसपटलमा स्थान पाइरहेको छ ।

अर्थशास्त्रीहरुले पनि यसबारेमा धेरै नै अनुसन्धान तथा रिसर्च गरिरहेका छन्, किनकि पेग सिस्टम निरन्तरतामा हामी नेपालीको फाइदा पनि छ । साथै सिस्टम हटाउँदा पनि नेपाली मुद्राको पहिचान र मूल्यांकन विश्वको मुद्रासँग हुन्छ, जसले गर्दा नेपाली मुद्राको क्रय-विक्रयमा प्रत्यक्ष आर्थिक उन्नतिको सम्भावना पनि उत्तिकै बढ्ने आँकलन गर्न सकिन्छ ।

**पेग नगर्दा हुने सम्भावित परिणाम**

**१. विनिमय दरमा अस्थिरता** : बाँधविनाको अवस्थामा, नेपाली रुपियाँको विनिमय दर बजारको माग र आपूर्तिमा आधारित हुनेछ, जसले गर्दा विनिमय दरमा बारम्बार उतारचढाव हुन सक्छ । नेपालको सानो अर्थतन्त्र भएकाले यो बाह्य झट्का (इक्सटर्नल सक्स) मा बढी संवेदनशील छ । राजनीतिक, व्यापारिकजस्ता विभिन्न अस्थिरताले भारतसँगको सीमानजिकको व्यापारमा संलग्न व्यवसायको अनिश्चितता बढाउन सक्छ, जसले आयात र निर्यात मूल्यहरू, मुनाफा र बजेटमा प्रभाव पार्न सक्छ ।

**२. भारतसँगको व्यापारमा प्रभाव** : आयात लागतको कुरा गरौं । भारत नेपालको सबैभन्दा ठूलो व्यापार साझेदार हो, जसले नेपालको ६० प्रतिशतभन्दा बढी आयात पुऱ्याउँछ, जसमा पेट्रोलियम उत्पादनहरू, खाद्य सामग्रीहरू र निर्माण गरिएका वस्तुहरू समावेश छन् । स्थिर विनिमय दर नहुँदा, नेपाली रुपियाँ भारतीय रुपियाँको तुलनामा कमजोर भएमा आयात लागत बढ्न सक्छ । यसले विशेष गरी आवश्यक सामग्रीमा महँगी निम्त्याउन सक्छ । साथै यस निर्णयलाई हामीले हालसालै लियौं भने, सन् २०२६ मा नेपाल अति कम विकसित देशबाट विकासोन्मुख देशमा परिवर्तन नहुने प्रबल सम्भावना हुन आँउछ । यता निर्यात प्रतिस्पर्धात्मकतातर्फ कुरा गर्दा, नेपाली रुपियाँको मूल्य घटेमा नेपालबाट भारतमा निर्यात सस्तो हुनेछ, जसले नेपाली निर्यातलाई प्रतिस्पर्धात्मक बनाउन सक्छ । तर नेपालको निर्यात आधार सानो भएकाले यसको आर्थिक फाइदा सीमित हुन सक्छ ।

**३. रेमिट्यान्स र मुद्रास्फीतिमा प्रभाव** : नेपालले आफ्नो कुल गार्हस्थ्य उत्पादन (जीडीपी) को ठूलो हिस्सा भारतमा कार्यरत नेपाली कामदारहरूद्वारा पठाइने रेमिट्यान्सबाट प्राप्त गर्छ । यदि नेपाली रुपियाँ भारतीय रुपियाँको तुलनामा कमजोर भयो भने, रेमिट्यान्सको मूल्य नेपाली रुपियाँमा वृद्धि हुनेछ, जसले नेपाली परिवारहरूलाई थप आम्दानी प्रदान गर्नेछ । तर नेपाली रुपियाँ बलियो भएमा भारतबाट पठाइने रेमिट्यान्सको मूल्य कम हुन सक्छ । यसै गरी, कमजोर नेपाली रुपियाँले आयात गरिएका वस्तुहरू महँगो बनाउँछ, जसले निम्न आय भएका घर परिवारलाई प्रतिकूल असर गर्न सक्छ । तर दीर्घकालमा यदि अर्थतन्त्रमा सुधार आयो भने, नेपालको मुद्रा स्थिर हुन सक्छ । यदि नेपालले आफ्नो मुद्रा (नेपाली रुपियाँ) भारतीय रुपियाँ (आईएनआर)सँग नबाँध्ने निर्णय गऱ्यो भने, यसले अर्थतन्त्रमा धेरै महत्वपूर्ण परिवर्तन ल्याउन सक्छ । भारतीय रुपियाँसँगको बाँधले नेपालको सानो व्यापारमा निर्भर अर्थतन्त्रलाई स्थिरता दिएको छ । तर स्वतन्त्र विनिमय दरमा जाने वा अर्को मुद्रासँग बाँध्ने निर्णयले केही फाइदा र चुनौती ल्याउन सक्छ ।

**४. मौद्रिक नीति नियन्त्रणको हानि र वित्तीय दबाब** : स्वतन्त्र विनिमय दरमा गएमा नेपाल राष्ट्र बैंकलाई स्वतन्त्र मौद्रिक नीति अपनाउने थप लचकता मिल्न सक्छ तर दक्ष व्यक्तिहरु र उपयुक्त रणनीति बनाउन सक्ने क्षमतावान् व्यक्तित्वको अभावमा अझ यो निर्णय देशको अर्थतन्त्रमा हानिकारक हुन सक्छ । यद्यपि, भारतीय अर्थतन्त्रसँगको उच्च निर्भरताले गर्दा नेपाल राष्ट्र बैंकले भारतीय मौद्रिक नीतिहरूको निगरानी गर्नुपर्दछ । विनिमय दर उतारचढावले सरकारी ऋणलाई महँगो बनाउन सक्छ, जसले नेपालको वित्तीय नीति र विदेशी मुद्रा कोषमा दबाब बढाउनेछ ।

**५. ठूलो विदेशी मुद्रा कोषको आवश्यकता** : स्वतन्त्र विनिमय दरमा गएमा, नेपाल राष्ट्र बैंकले विदेशी मुद्रा कोषलाई विविधीकरण गर्न आवश्यक पर्दछ, ताकि कुनै संकटको समयमा मुद्रा स्थिर राख्न सकियोस् । नेपालका सीमित विदेशी मुद्रा स्रोतहरूलाई ध्यानमा राख्दै यसले थप जोखिम र चुनौती ल्याउन सक्छ ।

**६. क्षेत्रीय र अन्तर्राष्ट्रिय वैकल्पिक पेगको सम्भावना** : यदि नेपालले भारतीय रुपियाँसँग बाँध छोड्ने निर्णय गर्छ भने, यसले नेपाली रुपियाँलाई अमेरिकी डलरजस्ता थप स्थिर मुद्रासँग बाँध्न सक्नेछ । यसले स्थायित्व प्रदान गर्न सक्छ तर यसले नेपाल र भारतबीचको विनिमय दरमा असर पार्न सक्छ, जसले नेपालको व्यापारलाई असर गर्न सक्छ । वैकल्पिकरूपमा, नेपालले क्षेत्रीय या मुद्रा बास्केट प्रणाली अपनाउन सक्छ, जहाँ नेपाली रुपियाँको मूल्य विभिन्न मुद्राहरूको मिश्रणमा बाँधिन्छ । यसले समग्रमा नेपाली रुपियाँलाई स्थिर बनाउन सक्छ तर यसले आर्थिक र प्रशासनिक चुनौती पनि ल्याउनेछ ।

**निष्कर्ष**

के नेपालको आर्थिक भविष्य स्वतन्त्र विनिमय दरमा निर्भर छ त ? नेपालले दशकौंसम्म भारतीय मुद्रासँगको स्थिर विनिमय दरमा आफ्नो मुद्रा बाँधेर आर्थिक स्थिरता कायम राखेको छ । तर आजको जटिल आर्थिक परिवेशमा यो प्रणालीले दीर्घकालीन फाइदा दिने वा नयाँ चुनौतीहरूको आधार सिर्जना गर्ने सवाल गम्भीर बहसको विषय बनेको छ । नेपाली मुद्राको पेग भारतीय मुद्रासँग हुँदा दशकौंदेखि नेपालले धेरै सहजता र फाइदा पनि उठाएको छ तर पनि समय-समयमा नेपाली अर्थतन्त्रले हानि र जोखिम पनि नउठाएको भने होइन ।

के नेपालीहरुले बिस्तारै वित्तीय परियोजना र लक्ष्य बनाउँदै योग्य जनशक्ति र रणनीति लिएर स्वतन्त्र एवं उच्च नेपाली मुद्राको मूल्यांकनको रणनीति लिनुपर्ने आवश्यकता छैन र ? के नेपालले भारतीय अर्थतन्त्रको छायाबाट बाहिर निस्किएर स्वतन्त्र आर्थिक पहिचान बनाउन सक्छ ? वा भारतसँगको गहिरो व्यापारिक र सांस्कृतिक सम्बन्धलाई मजबुत गर्दै, स्थिर विनिमय दरकै संरक्षण गर्नुपर्ने हो ?

यो प्रश्नले नेपाली नीति निर्माता, व्यवसायी र नागरिकलाई सोचमग्न बनाएको छ त ? तर नेपालको आर्थिक भविष्यलाई नै पुन: परिभाषित गर्ने मोडमा पुऱ्याएको छ । नेपालको अर्थतन्त्रको यो संवेदनशील निर्णयले समग्र देशलाई आर्थिक समृद्धिको नयाँ दिशामा लैजान सक्छ वा मौद्रिक संकटको भुमरीमा फसाउन सक्छ, यो समयले मात्र बताउनेछ । तपाईं के सोच्नुहुन्छ ? नेपाली मुद्राको पहिचानको लागि अबको सही निर्णय के होला ?

*(साभार: न्यूज अफ नेपाल)*

# करिब ७ अर्ब अनुदान थप्दै एमसीसी, परियोजना लगानी नाघ्यो १ खर्ब

काठमाडौं । 'मिलेनियम च्यालेन्ज कर्पोरेसन' (एमसीसी) ले नेपालमा दिने अनुदान ५ करोड अमेरिकी डलर (करिब ६ अर्ब ८५ करोड रुपैयाँ) ले बढाउने भएको छ । एमसीसी अनुदानमा बन्ने परियोजना कार्यान्वयनमा ढिलाइ भएपछि त्यसबाट बढ्ने लागत पूर्तिका लागि एमसीसीले अनुदान बढाउने भएको हो ।

एमसीसीले नेपाललाई अनुदान सहयोग वृद्धि गर्न चाहेको बारे सूचना अमेरिकी संसद् (कांग्रेस) लाई १८ डिसेम्बरमा दिइसकेको छ । प्रसारण लाइन निर्माणका लागि स्रोतको कमी पूर्ति गर्न तथा एमसीसी कम्प्याक्टको लक्ष्यपूर्तिमा सहयोग गर्न ५ करोड डलरमा नबढ्ने गरी थप रकम प्रदान गर्ने गरी अमेरिका र नेपालबीच भएको सम्झौता (कम्प्याक्ट) संशोधन गर्नेबारे जानकारी एमसीसीले अमेरिकी कंग्रेसलाई गराएको हो ।

एमसीसीले अनुदान सहयोग वृद्धि गर्न लागेको अर्थ मन्त्रालय स्रोतले पनि बताएको छ । 'अनुदानमा बन्ने परियोजनाका लागत बढेको सन्दर्भमा थप ५ करोड डलरसम्म अनुदान दिने प्रक्रिया एमसीसीले अघि बढाएको छ,' अर्थ मन्त्रालयका एक उच्च अधिकारीले भने, 'उनीहरूले त्यो पारित गरेपछि नेपाल सरकारले अनुदान स्वीकार गर्ने प्रक्रिया हामी अघि बढाउँछौं ।'

एमसीसीले ५ करोड डलर अनुदान बढाएपछि यस अन्तर्गतका परियोजना कार्यान्वयनमा कुल ७४ करोड ७० लाख अमेरिकी डलर (करिब १ खर्ब २ अर्ब रुपैयाँ) लगानी हुने भएको छ । अमेरिकी सहयोग नियोग एमसीसीको अनुदानमा प्रसारण लाइन र सडक पूर्वाधार बनाउने गरी २९ भदौ २०७४ मा नेपाल सरकार र एमसीसीबीच सम्झौता (कम्प्याक्ट) मा हस्ताक्षर भएको थियो ।

त्यसबेला एमसीसीले नेपाललाई ५० करोड डलर अनुदान




उपलब्ध गराउने विषय उल्लेख थियो । तर, त्यो सम्झौता कार्यान्वयन गर्ने विषयमा नेपालमा लामो समयसम्म राजनीतिक तहमा विवाद भएपछि कम्प्याक्टलाई नेपालको संसदले अनुमोदन गर्न साढे ४ वर्षभन्दा बढी समय लाग्यो ।

१५ फागुन २०७८ मा मात्रै नेपालको संसदबाट व्याख्यात्मक घोषणासहित एमसीसी कम्प्याक्ट अनुमोदन भयो । र, सम्झौता भएको ६ वर्षपछि १३ भदौ २०८० बाट एमसीसी परियोजना कार्यान्वयनमा गएको छ । एमसीए नेपालले २८ नोभेम्बर २०२२ मा ट्रान्समिसन लाइनको ठेक्का प्रक्रिया सुरु गरेको थियो । तर, सबैभन्दा सस्तो बोलपत्र प्रस्ताव नै लागत अनुमानभन्दा ६० प्रतिशत महँगो भएपछि एमसीए नेपालले ठेक्का प्रक्रिया रद्द गरेर दोस्रो पटक पुनः बोलपत्र आह्वान गरेको छ ।

तर, एमसीसी सम्झौता र कार्यान्वयन सुरु (इन्ट्री इन्टु फोर्स) बीच ६ वर्षको समयमा विश्व परिस्थितिमा निकै ठूला अवरोध आएकाले परियोजना लागत बढ्न सक्ने नेपाल सरकार, एमसीए नेपाल र एमसीसीले स्वीकार गरेको अवस्थामा अनुदान थप गर्नुपरेको एमसीसीले कंग्रेसमा बुझाएको सूचनामा उल्लेख छ । एमसीसीले प्रसारण लाइनको पुरानो ठेक्का रद्द गरेपछि डिजाइन परिवर्तन तथा लागत घटाउने अन्य उपाय अपनाएर नयाँ बोलपत्र आह्वान गरेको छ । यसपटक आह्वान भएको बोलपत्र पनि लागतकै कारण पुनः रद्द गर्नु नपरोस् र एमसीए नेपालले समयमै ठेक्का सम्झौता गरी थप विलम्बविना परियोजना कार्यान्वयन अघि बढाउन सकोस् भनेर अनुदान बढाइएको एमसीसीले जनाएको छ ।

थप गरिएको अनुदान रकम कम्प्याक्ट कार्यान्वयन क्रममा लागतमा हुने तलमाथि समायोजन गर्न तथा भइपरी आउने खर्च पूर्ति गर्न पनि सघाउने एमसीसीले जनाएको छ । एमसीसी अनुदान परियोजना कार्यान्वयनका लागि नेपाल सरकारले सुरुमा १३ करोड अमेरिकी डलर योगदान गर्ने सम्झौता भएको थियो । तर, एमसीसी परियोजनाको लागत बढ्ने भएपछि नेपालले २०२३ मे मा थप ६ करोड ७० लाख रुपैयाँ लगानी बढाउने प्रतिबद्धता गरिसकेको छ । यसरी नेपालले गर्ने कुल योगदान रकम १९ करोड ७० लाख डलर भएको छ ।

नेपाल न्यून आय भएको मुलुक भएकाले एमसीसी अनुदान परियोजनामा मुलुकले योगदान नगर्दा पनि हुन्थ्यो । तर, पनि नेपालले योगदान गरेको एमसीसीले अमेरिकी संसदलाई बुझाएको दस्तावेजमा उल्लेख छ । 'थप कोषले एमसीसीको प्रतिष्ठा बलियो बनाउन तथा यस्तो भूराजनीतिक रूपमा जटिल क्षेत्रमा हाम्रा साझेदारसँगैको विकासमा अमेरिकाको प्रतिबद्धतालाई सकारात्मक प्रदर्शित गर्न मद्दत गर्ने छ,' एमसीसीले भनेको छ ।

एमसीसी अनुदानमा ३ सय १५ किलोमिटर ४ सय केभीको प्रसारण लाइन र तीनवटा ४०० केभीका सबस्टेसन निर्माण हुँदैछन् । एमसीसीअन्तर्गत बन्ने परियोजनाहरू मध्ये तीनवटा सबस्टेसन र न्यू बुटवलदेखि भारतीय सीमासम्मको १८ किलोमिटर प्रसारण लाइनको ठेक्का सम्झौता भइसकेको छ ।

बाँकी २ सय ९७ किलोमिटर प्रसारण लाइनको पुनः बोलपत्र आह्वान भएको छ भने दाङको भालुवाङदेखि शिवखोलासम्मको ७७ किलोमिटर सडक मर्मत परियोजनाको भने बोलपत्र आह्वान हुनै बाँकी छ । यसअघि प्रसारण लाइन निर्माणमा २३ करोड ४५ लाख अमेरिकी डलर लागत अनुमान गरिएकोमा त्यसमा ५ करोड डलर थपेपछि त्यो २८ करोड ४५ लाख डलर (करिब ३९ अर्ब रुपैयाँ) पुग्नेछ ।

त्यस्तै, सबस्टेसन निर्माणमा ९ करोड ९० लाख (करिब साढे १३ अर्ब रुपैयाँ) र सडक मर्मतसम्भारमा ५ करोड २३ लाख डलर (७ अर्ब १६ करोड रुपैयाँ) खर्च हुने अनुमान गरिएको छ ।

**एमसीसी के हो ?**

एमसीसी अमेरिकाको वैदेशिक सहायता गर्ने एजेन्सी हो। यसले खासगरी गरिबी न्यूनीकरणका लागि काम गर्छ । यसको स्थापना अमेरिकी कंग्रेसले सन् २००४ मा गरेको थियो। एमसीसीले अवधि तोकिएका अनुदान कार्यक्रमलाई सहयोग गर्छ, ती आर्थिक वृद्धि, गरिबी न्यूनीकरण, संस्थागत सुदृढीकरणसँग सम्बन्धित हुन्छन् ।

'यसले साझेदार मुलुकमा स्थायित्व र समृद्धि ल्याउने मात्रै होइन, अमेरिकी स्वार्थ बढाउने काम पनि गर्छ,' एमसीसीले आफ्नो परिचयमा उल्लेख गरेको छ ।

नेपालमा भने सन् २०११ देखि एमसीसीले चासो दिएको हो २०१४ मा एमसीसीले आफ्नो कार्यक्रमका लागि नेपाललाई 'योग्य' भनेर छनोट गरेको थियो । त्यसपछि नेपालको निरन्तरको पहलपछि अमेरिकाले एमसीसी मार्फत ५० करोड डलर अनुदान दिने निर्णय गरेको हो । यो कार्यक्रममा नेपाल सरकारले समेत १३ करोड डलर लगानी गर्ने प्रतिबद्धता व्यक्ति गरेको थियो । तर, सरकारले त्यसमा थप ६ करोड ७० लाख लगानी गर्ने प्रतिबद्धता व्यक्त गरेको थियो ।

अमेरिकी सरकारले पनि ५ करोड डलर अनुदान थपेपछि परियोजनाको कुल लागत ७४ करोड ७० लाख डलर (१ खर्ब २ अर्ब ३४ करोड रुपैयाँ) पुग्ने भएको छ । यो नेपाल सरकारले कार्यान्वयन गर्ने कार्यक्रम हो । यो कार्यक्रम कार्यान्वयन गर्न नेपाल सरकारले एक कार्यालय खोलेको छ, जसलाई 'मिलेनियम च्यालेन्ज एकाउन्ट नेपाल' (एमसीए-नेपाल) भनिन्छ । यो विकास समिति ऐन २०१३ अन्तर्गत गठन आदेशमार्फत स्थापना भएको हो ।

*(स्रोत: अनलाइनखबर)*

# देशभरि मेला-महोत्सव, सुस्ताएको अर्थतन्त्र चलायमान बनाउने औजार

काठमाडौं/मुलुकको पर्यटन राजधानी पोखरामा आइतबारदेखि 'ड्रागन बोट रेस फेस्टिभल' सुरु भयो । नेपाल-चीन मैत्रीपूर्ण ड्रागन बोट रेस दोस्रो संस्करण हो । नेपाल र उत्तरी छिमेकी चीनबीच सांस्कृतिक तथा जनस्तरसम्मको सम्बन्ध सुमधुर बनाउँदै नेपालको पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले दोस्रो संस्करणको फेस्टिभल सुरु गरिएको आयोजकको भनाइ छ।

नेपाल पर्यटन बोर्ड, नेपालस्थित चिनियाँ दूतावास, गण्डकी प्रदेश सरकार र पोखरा महानगरपालिका यो फेस्टिभलका आयोजक हुन् । यसै प्रतियोगिताका खेलाडी बोकेर ११ पुसमा छेन्दुबाट सिचुवान एयरलाइन्सको 'एयरबस ३१९' जहाज पोखरा ओर्लिएको थियो । उता, पोखरामै यतिबेला 'हट एयर बेलुन' महोत्सव जारी छ । पोखरा पर्यटन परिषद्सँगको सहकार्यमा बेलुन नेपाल प्रालिले आयोजना गरेको महोत्सव अघिल्लो सातादेखि नै चलिरहेको छ । यो १ जनवरीसम्म जारी रहने छ ।

१५ देशबाट १७ हट एयर बेलुन ल्याएर आयोजना गरिएको महोत्सव हट एयर बेलुनको नेपालमा आयोजना गरिएको अहिलेसम्मकै वृहत मेला हो । यसले पोखराको तुलनात्मक रूपमा नयाँ उत्पादन हट एयर बेलुनलाई अन्तर्राष्ट्रिय प्रडक्ट बनाउने आयोजकको अपेक्षा छ । महोत्सवमा हरेक दिन सांगीतिक कार्यक्रम, फुड स्टल, मेला र विभिन्न खेल गतिविधि समेत आयोजना गरिएका छन् ।

पोखरामै अंग्रेजी नयाँ वर्ष लक्षित गरी '२६औं पोखरा सडक महोत्सव' पनि सुरु भएको छ । शनिबारदेखि सुरु महोत्सव १ जनवरीसम्म चल्ने छ । रेस्टुरेन्ट एन्ड बार एसोसिएसन (रेबान) पोखराको



आयोजनामा २५ वर्षदेखि यस्तो महोत्सव आयोजना भइरहेको छ । आन्तरिक तथा वाह्य पर्यटक आकर्षण गर्दै पोखरालाई पर्यटकीय गन्तव्या रूपमा प्रवर्द्धन गर्ने उद्देश्य आयोजकको छ । उता, नेपालको अर्को पर्यटन गन्तव्य सौराहामा यतिबेला 'हात्ती तथा पर्यटन महोत्सव' सुरु भएको छ । क्षेत्रीय होटल संघ सौराहाको आयोजनामा यो महोत्सव आयोजना भइरहेको छ ।

१८औं संस्करणको महोत्सव सोमबारसम्म चल्ने छ । सौराहामा आन्तरिक तथा वाह्य पर्यटक आकर्षित र वृद्धि गर्ने उद्देश्यले महोत्सव आयोजना गरिएको आयोजकको भनाइ छ । चितवनकै मेघौलीमा अहिले 'भरतपुर भ्रमण वर्ष २०२४' को वार्षिकोत्सव तथा रैथाने खाना महोत्सव चलिरहेको छ । गत शुक्रबारदेखि सुरु महोत्सव पाँच दिनसम्म चल्ने छ । महोत्सवमा ५० भन्दा बढी स्थानीय परिकारका स्टल राखिएको आयोजकले जनाएको छ ।

त्यस्तै लुम्बिनी प्रदेशको मुख्य सहर बुटवलमा अहिले औद्योगिक व्यापार मेला जारी छ । बुटवल उद्योग वाणिज्य संघ रुपन्देहीको आयोजना, बुटवल उपमहानगरपालिका र नेपाल उद्योग वाणिज्य महासंघको संरक्षकत्वमा आयोजना गरिएको मेला समेत अंग्रेजी नयाँ वर्षसम्मै चल्ने छ । यो मेलाको २४औं संस्करण हो । बुटवलमा आयोजना हुने मेला तथा महोत्सवको विशिष्ट पहिचानलाई व्यापकता दिन र यस क्षेत्रमा उद्यमशीलता विकासका माध्यमबाट नयाँ औद्योगिक लगानी र व्यावसायिक क्षेत्र खोजी गरी रोजगारीका अवसर सिर्जना गर्न अझ परिस्कृत रूपमा मेला आयोजना गरिएको आयोजकको भनाइ छ । काठमाडौं उपत्यकाभित्र 'प्रथम कोटेश्वर महोत्सव' आयोजना गरियो । महोत्सवको शुक्रबार काठमाडौं महानगरपालिकाका मेयर बालेन साहले उद्घाटन गरे । उनले कोटेश्वरलाई आफ्नो पहिचान स्थापित गराउन र स्थानीय उत्पादन बिक्री वितरणमा यो महोत्सव फलदायी हुने अपेक्षा व्यक्त गरे ।

उता, भक्तपुरमा शुक्रबार देखि 'मध्यपुर महोत्सव २०८१' सुरु भएको छ । आइतबारसम्म चल्ने महोत्सवमा स्थानीय उत्पादनसँगै रैथाने परिकार समेत प्रदर्शनीमा राखिएका छन् । मध्यपुर थिमि नगर पालिकाको आयोजनामा महोत्सव गरिएको हो । यी अहिले सञ्चालनमा रहेका केही मुख्य मेला-महोत्सव हुन् । अंग्रेजी नयाँ वर्ष र हिउँदको मौसम पारी यतिबेला देशैभरि विभिन्न प्रकारका मेला महोत्सव आयोजना गरिएका छन् ।

स्थानीय उत्पादन प्रवर्द्धन, रैथाने खाना प्रचार, खपत र स्थानीय अर्थतन्त्र विकासमा यस्ता मेला-महोत्सव फलदायी हुने सरोकारवाला बताउँछन् । नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य एवं पर्यटन तथा हवाई यातायात समिति सभापति देशबन्धु बस्नेत स्थानीय आर्थिक गतिविधि चलायमान बनाउन मेला महोत्सवले ठूलो भूमिका खेल्ने बताउँछन् । 'एक त पर्यटन गतिविधि बढ्छ,' उनी भन्छन्, 'अर्कातर्फ त्यसले स्थानीय स्तरमा अर्थतन्त्र चलायमान बनाउँछ ।' यस्ता मेला-महोत्सवलाई सरकारले निश्चित 'प्रोटोकल' बनाएर सहकार्य गर्ने हो भने अझ फलदायी हुने उनको भनाइ छ । अहिले टोलैपिच्छे मेला-महोत्सव आयोजना भइरहेका छन् ।

यसलाई व्यवस्थित गरी एक निश्चित प्रोटोकल तोकी सोही स्तरका मेला-महोत्सवमा सरकारले निजी क्षेत्रसँग सहकार्य गर्ने हो भने यस्ता यिनको औचित्य अझ पुष्टि हुनेछ । नेपाल पर्यटन बोर्डका निर्देशक मणिराज लामिछाने वाह्य पर्यटक आगमन कम हुने सिजनमा मुलुकभित्र आयोजना हुने मेला-महोत्सवले आन्तरिक पर्यटन प्रवर्द्धनमा ठूलो भूमिका खेलेको बताउँछन् ।

सामान्यतया डिसेम्बर वाह्य पर्यटक आगमनका दृष्टिकोणले 'लो सिजन' मानिन्छ । यस बेला आयोजना हुने स्ट्रिट फेस्टिभल, ड्रागन बोट रेस वा हात्ती महोत्सवले पर्यटक आगमन प्रोत्साहन र पर्यटक बसाइ अवधि लम्ब्याउन समेत भूमिका खेल्ने उनी बताउँछन् । 'साढे दुई दशक अगाडि यो मौसममा पोखराका होटल बन्द हुन्थे,' उनी भन्छन्, 'जब केही व्यवसायी जुर्मुराएर स्ट्रिट फेस्टिभल सुरु गरियो, आज पोखराका होटलमा कोठा नपाउने अवस्था छ, यो माहोल ल्याउनमा मेला-महोत्सवको ठूलो योगदान छ ।'

पछिल्लो समय मेला-महोत्सव आयोजना गर्ने नाममा 'पर्यटन' शब्द समेत राख्न थालिएको र यसमा बोर्डको 'ओरेन्टेसन' ले भूमिका खेलेको उनी बताउँछन् । 'धेरै महोत्सवलाई हामीले पनि प्रवर्द्धन गर्छौं,' उनी भन्छन्, 'किनकि, महोत्सव हेर्न आउनेलाई स्थानीय गन्तव्यसम्म लैजान सकियो भने त्यसले आन्तरिक पर्यटन विकासमा गुणस्तरीय योगदान दिन्छ ।' 'नेपाल फर अल सिजन' भन्ने नारा स्थापित गर्न समेत मेला-महोत्सवको भूमिका रहेको उनी बताउँछन् । यसले स्थानीय अर्थतन्त्रमा दिएको योगदान गणना गर्ने हो भने त्यसको मात्रा समेत ठूलो देखिने उनको भनाइ छ ।

देशभरि आयोजना भइरहेका विभिन्न स्तरका मेला-महोत्सवले मन्त्रीहरूको समेत व्यस्तता बढाएको छ । गत मंसिर तेस्रो साता धनगढीमा आयोजना गरिएको 'सुदूरपश्चिम महोत्सव' उद्घाटनमा उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारी पुगेका थिए । बुटवल औद्योगिक व्यापार मेला उद्घाटनमा भने ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्का पुगेका थिए । *(स्रोत: अनलाइनखबर)*

## सुन्दरीहरू राजनीतिमा, मिस नेपाल आश्मापछि मिस हेरिटेज विभाको पार्टी प्रवेश





काठमाडौं/ब्युटी पेजेन्टका चर्चित नामहरू एकपछि अर्को गरि राजनीतिक दलमा प्रवेश गर्ने क्रम बढ्दो छ । मिस नेपाल वर्ल्ड २०२४ आश्माकुमारी केसीलाई राष्ट्रिय प्रजातन्त्र पार्टीले १ असोजमा केन्द्रीय सदस्यमा छनोट गरेको थियो ।

अन्तर्वार्तापछि केसी राप्रपाको केन्द्रिय सदस्यमा छनोट भएकी थिइन् । कुनै बहालवाला सुन्दरी राजनीतिक दलमा आबद्ध भएको त्यो पहिलो अवसर थियो । यसबारेमा मिस नेपाल आयोजक संस्था द हिडन ट्रेजरले प्रतिक्रिया दिएको छैन ।

यो सन्दर्भमा नयाँ खबर छ । सन् २०२४ मै थाइल्याण्डमा आयोजित मिस हेरिटेज इन्टरनेसनलको उपाधि जितेकी विभा बस्नेत आइतबार सत्तारुढ दल एमाले प्रवेश गरेकी छन् । ललितपुरस्थित तुलसीलाल स्मृति भवनमा आयोजित कार्यक्रममार्फत उनी नेकपा एमालेमा प्रवेश गरेकी हुन् । बस्नेतलाई एमाले अध्यक्ष केपी शर्मा ओलीले पार्टीको लोगो लगाइदिएर एमालेमा स्वागत गरेका हुन् । पार्टी प्रवेश गर्न आयोजित कार्यक्रममा बस्नेतले आफू ओलीको ठूलो फ्यान भएको बताउँदै उनको भिजनसँग आफ्नो भिजन पनि मिल्ने बताइन् ।

थाइल्याण्डमा भएको प्रतिस्पर्धामा विभाले ४७ देशका प्रतियोगीलाई उछिन्दै उपाधि जितेकी थिइन् ।

## प्रियंका कार्कीको हरर फिल्म 'ममी'को टिजर रिलिज



काठमाडौं/आगामी माघ २५ गतेबाट प्रदर्शनको तयारीमा रहेको हरर फिल्म 'ममी'को टिजर सार्वजनिक गरिएको छ । १ मिनेट ३८ सेकेण्ड लम्बाईको टिजरले फिल्मको कथावस्तुबारे जानकारी गराउँछ ।

एउटा घरमा कालो विरालो पाल्न थालेपछि श्रृंखलाबद्ध रुपमा परिवारमा निम्तिने विपत्तिलाई टिजरमा देखाइएको छ । फिल्मले दर्शकलाई हरर अनुभव गराउन सक्ने छनक टिजरले दिन्छ ।

समर निरौलाको डेब्यु निर्देशनमा तयार भएको फिल्ममा प्रियंका कार्की, दीया मास्के, सुलक्षण भारती, समीप निरौला, घनश्याम जोशी, आयुषी ढकाल, जेभिस श्रेष्ठ, गीत विष्ट, प्रकाश बन, शिवांश सिलवाल लगायतको अभिनय छ । सो ट्वान्टी फाइभको प्रस्तुतिमा निर्माण भएको फिल्ममा निर्देशक निरौला र पूर्णिमा जोशीको लेखन रहेको छ ।

यो फिल्मको निर्मातामा लोकराज जोशी र पूर्णिमा जोशी छन् भने कार्यकारी निर्माता सुमन कोइराला हुन् । निशाल पौडेल र शरद महतोको छायांकन रहेको फिल्मलाई सुरेन महर्जनले सम्पादन गरेका हुन् । फिल्ममा एसडी योगीको संगीत तथा रोहित शाक्यको पार्श्व ध्वनी छ ।

फिल्मलाई काठमाडौं उपत्यकामा काफिया फिल्मस् तथा मोफसलमा कुवेर सिने डिष्ट्रीव्युसनले वितरण गर्दैछन् ।

## 'पहाड'बाट छोरी पञ्चमीलाई डेब्यु गराउँदै तुलसी घिमिरे





काठमाडौं/भेट्रान निर्देशक तुलसी घिमिरे फिल्म 'पहाड'बाट सात वर्षपछि पुनरागमनको तयारीमा छन् । आगामी माघबाट छायांकन सुरु गर्न लागिएको फिल्ममा उनले कलाकारको बलियो 'लाइनअप' बनाएका छन् । मदनकृष्ण श्रेष्ठ, सुनील थापा, विपिन कार्की, वर्षा राउतको अभिनय रहने निश्चित भैसकेको फिल्ममा थप दुई कलाकार भित्रिएका छन् । उनीहरु हुन्, अरुण क्षेत्री र पञ्चमी घिमिरे ।

अरुणले 'महापुरुष'बाट डेब्यु गरेका थिए । त्यसपछि उनले 'प्रेमा' र 'ज्याकी : आइ एम ट्वान्टिवान' फिल्ममा काम गरिसकेका छन् । पञ्चमी भने निर्देशक घिमिरेकी कान्छी छोरी हुन् । उनले 'पहाड'बाट अभिनेत्रीको रुपमा डेब्यु गर्न लागेकी हुन् । यसअघि उनले पिताको निर्देशनमा बनेको फिल्म 'दर्पण छायाँ २'मा सहायक निर्देशकको रुपमा काम गरेकी थिइन् ।

भारतको टेलिसिरियल निर्माण कम्पनी बालाजी टेलिफिल्म्सको एसोसिएट क्रियटिभ हेडको रुपमा समेत काम गरिसकेकी पञ्चमीले ७ वर्षअघिको एक अन्तर्वार्तामा आफूलाई अभिनयभन्दा फिल्म मेकिङप्रति रुचि रहेको जनाएकी थिइन् । भविष्यमा बुबाले लेखेको स्क्रिप्टमा फिल्म बनाउने इच्छा रहेको उनको भनाई थियो । तर, अब उनले अभिनयमा करिअर बनाउन खोजेको देखिन्छ ।

निर्देशक घिमिरेले कान्छी छोरीलाई अभिनेत्री बनाउँदै गर्दा जेठी छोरी भावनालाई भने 'पहाड'को प्रोडक्सन डिजाइनरको जिम्मेवारी दिएका छन् । र, उनकी श्रीमती भारती घिमिरेले फिल्मको एउटा गीतमा स्वर दिएकी छन् । यसरी एउटै फिल्ममा उनको सिंगो परिवार नै जोडिएको छ । पछिल्लो समय बढ्दो बसाइँसराइले रित्तिँदै गएको पहाडी भूगोलको कथामा फिल्म बन्ने जनाइएको छ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop

The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# राष्ट्रपति रनिङशिल्डमा मनहरीका विद्यालय छनोट

साझाकुरा संवाददाता

हेटौंडा, १४ पुस/मनहरी गाउँपालिका-७ स्थित राष्ट्रिय रोटरी माध्यमिक विद्यालयको खेलमैदानमा शनिबारदेखि जारी राष्ट्रपति रनिङ शिल्ड छनोट प्रतियोगिताअन्तर्गत भलिवलबाहेकका सबै खेल सम्पन्न भएका छन् ।

सोमबार छात्र र छात्रा तर्फको भलिवल र पालिकास्तरीय शिक्षक भलिवलका फाइनल खेलहरु हुने प्रतियोगिताको व्यवस्थापन गरिरहेको विद्यालय राष्ट्रिय रोटरी माविका सहायक प्रधानाध्यापक साधुराम रिजालले बताए । सोमबार हुने छात्रतर्फको भलिबलमा महेन्द्रज्योति मावि मनहरी-३ र पशुपतिनाथ मावि मनहरी-४ बीच स्पर्धा हुनेछ । छात्रातर्फको भलिबल महेन्द्रकिरण मावि मनहरी-८ र महेन्द्रज्योति मावि मनहरी-३ बीच हुनेछ ।

शिक्षकतर्फको भलिबल मनहरी गाउँपालिका वडा नं ३ र ४ बीच हुने आयोजक मनहरी गाउँपालिका शिक्षा, युवा तथा खेलकुद शाखाप्रमुख प्रदीप पराजुलीले जानकारी दिएका छन् । आइतबार साँझसम्म सम्पन्न भएका खेलमध्ये छात्रातर्फको कबडी खेल बाल जीवनज्योति मावि मकरीले जितेको छ । कबडी खेलको छात्रतर्फ भने राष्ट्रिय रोटरी माध्यमिक विद्यालयले जितेको छ ।

छात्रतर्फको सटपुट महेन्द्रकिरण मावि मनहरी-८ का किरण ब्लोनले, छात्रातर्फ बाल जीवनज्योति माविकी सीमा स्याङ्बोले जितेका छन् । ज्याभलिङ थ्रो अन्तर्गत भएको प्रतिस्पर्धाको छात्रातर्फ युवावर्ष गंगा आधारभूत विद्यालयका जुनामाया घलान, छात्रतर्फ बालजीवनज्योति माविका शक्ति बुलुनले जीत हासिल गरेका छन् । ट्रिपलजम्पको छात्रतर्फको खेल बालजीवनज्योतिका अमृत आत्रेय उपाध्याय र छात्रातर्फ बालजीवनज्योतिकै करुणा घिमिरेले जितेका छन् ।

हाइजम्पको छात्रतर्फ राष्ट्रिय रोटरी माविका सुदीप बोट र छात्रातर्फ बालजीवनज्योति माविका सरस्वती मैनालीले जितेका छन् । लङजम्पमा राष्ट्रिय मावि सुनाचुरीका समिर कुशवार र छात्रातर्फ युवावर्ष गंगा आधारभूत विद्यालयकी गीता न्यौपानेले जितेका छन् । ४ सय मिटर र १६ सय मिटरको रिले दौडमा राष्ट्रिय मावि सुनाचुरीले जीत निकालेको छ । सय मिटर छात्रतर्फको दौडमा राष्ट्रिय मावि मनहरी-७ बिजौनाका समिर थिङ र छात्रातर्फ राष्ट्रिय मावि सुनाचुरीकी दीपिका विकले जितेका छन् ।

२ सय मिटर दौडमा छात्रतर्फ राष्ट्रिय रोटरी माविका रोहन गोले र छात्रातर्फ राष्ट्रिय मावि मनहरी-६ की दीपिका विक बिजयी भएका छन् । ४ सय मिटर छात्र दौडमा राष्ट्रिय मावि सुनाचुरीका समिर कुशवार र छात्रातर्फ महेन्द्रकिरण माविकी अनिषा पालले जीत हासिल गरे । ८ सय मिटर दौडको छात्रतर्फ राष्ट्रिय मावि सुनाचुरीका प्रवीण जिम्बा तथा छात्रातर्फ युवावर्ष गंगा आधारभूत विद्यालयकी गीता न्यौपानेले जितेका छन् ।

१५ सय मिटरको दौडमा छात्रतर्फ राष्ट्रिय मावि सुनाचुरीका प्रवीण जिम्बा र छात्रातर्फ युवावर्ष गंगा आधारभूत विद्यालयकै सञ्जु दोडले जितेका छन् । ३२ सय मिटरको दौडमा छात्रतर्फ सगरमाथा आधार भूत विद्यालयका रमेश प्रजा र छात्रातर्फ राष्ट्रिय मावि मनहरी-७ बिजौनाकी अरुणा सुवेदीले जितेका छन् । मनहरी गाउँपालिकाभित्र रहेका १२ वटा सामुदायिक विद्यालय र २ वटा संस्थागत माध्यमिक विद्यालयले प्रतियोगितामा सहभागिता जनाएका थिए ।

# प्रदेशसभामा २ विधेयक दर्ता गर्न मन्त्रीपरिषद्को स्वीकृति

साझाकुरा संवाददाता

हेटौंडा, १४ पुस/प्रदेश सरकारको मन्त्रीपरिषद् बैठकले थप दुईवटा विधेयक प्रदेशसभामा दर्ता गर्न स्वीकृति प्रदान गर्ने निर्णय गरेको छ । प्रदेश सरकारले प्रदेशसभामा विजनेश दिन नसकेको अवस्थामा दुईवटा विधेयक दर्ता गर्न लागेको हो ।

बागमती प्रदेशसभामा विधेयक अभावमा कामविहीन भइरहेको समयमा बागमती प्रदेश सरकारले दुईवटा विधेयक दर्ता गर्ने निर्णय गरेको हो । मुख्यमन्त्री तथा मन्त्रीपरिषद् कार्यालयमा बिहीबार बसेको मन्त्रीपरिषद् बैठकले प्रदेश औद्योगिक व्यवसाय ऐन २०७६ लाई संशोधन गर्न बनेको विधेयक र प्रादेशिक व्यापार तथा व्यवसाय सम्बन्धी ऐन, २०७६ संशोधन गर्न बनेको विधेयक प्रदेशसभामा दर्ता गर्न स्वीकृति प्रदान गर्ने निर्णय गरेको हो ।

सरकारले सदनलाई विजनेस दिन नसक्दा प्रदेशसभाको हिउँदे अधिवेशन अनिश्चित बनेको छ । अधिवेशनलाई कानुन निर्माण गर्ने अधिवेशनको रुपमा चित्रण गरिए पनि प्रदेशमा आवश्यक कानुन निर्माणमा ढिलाइ हुँदा असोज १६ गतेबाट स्थगित भएको प्रदेशसभा बैठक अब कहिले बस्ने ? टुंगो लाग्न सकेको छैन । एउटा अधिवेशन अन्त्यपश्चात् अर्को अधिवेशन ६ महिनाभित्र बोलाउनुपर्ने संवैधानिक व्यवस्था छ । सरकारसँग सुविधाजनक बहुमत भएर पनि पर्याप्त काम गर्न नसकेको आरोप लागिरहेको छ ।

कांग्रेस नेता बहादुरसिंह लामाको नेतृत्वमा वागमती प्रदेश सरकार गठन भएको करिब पाँच महिना नाघिसकेको छ । दुई तिहाई सांसदको साथ रहेको कांग्रेस-एमाले गठबन्धनपश्चात् लामा नेतृत्वमा गठन भएको सरकारले विकास र कानुन निर्माणको काम सुस्त गतिमा छ । त्यसको प्रत्यक्ष प्रभाव कानुन निर्माणमा परेको छ । प्रदेश सकारले हालसम्म ६३ वटा मुल कानुन निर्माण गरेको छ । करिब ३० वटा कानुन निर्माण गर्नै बाँकी रहेको बताइएको छ ।

# फाखेरल र सिस्नेरी सडक खण्डमा एकतर्फी मात्र सवारी संचालन गरिने

साझाकुरा संवाददाता

हेटौंडा, १४ पुस/ मकवानपुर र काठमाडौं जोड्ने दुई सडक एकतर्फी सञ्चालन गरिने भएको छ । कुलेखानी-सिस्नेरी-छैमले-दक्षिणकाली सडक र फर्पिङ-टल्कु-हुमाने सडक खण्डमा एकतर्फी सञ्चालन गरिने भएको हो ।

दक्षिणकाली नगरपालिका नगरप्रमुख मोहन बस्नेतले जिल्ला प्रशासन कार्यालय, काठमाडौं र जिल्ला प्रशासन कार्यलय, मक्वानपुरमा पत्राचार गर्दै दुबै सडकको निर्माण भइरहेकोले अर्को सूचना नभएसम्मका लागि एकतर्फी सवारीका साधन सञ्चालन गर्ने व्यवस्थाका लागि सहजीकरण गरिदिन आग्रह गरेका छन् ।

राजधानी पूर्वाधार विकास विशेष आयोजनाअन्तर्गत् कुलेखानी-सिस्नेरी-छैमले-दक्षिणकाली सडकको दक्षिणकाली-छैमले खण्डमा र फर्पिङ-टल्कु-हुमाने सडक खण्डको तेस्रो प्याकेजअन्तर्गत देवीदेखि दक्षिणकाली नगरपालिका-९ को वडा कार्यालय सम्मको सडक निर्माणकार्य भइरहेको नगरपालिकाले जनाएको छ ।

आयोजनाका सूचना अधिकारी राजन गौतमले काठमाडौं तर्फ छैमले-दक्षिणकाली सडक खण्डमा काम भइरहेको जानकारी दिए । काठमाडौंतर्फ आउने सवारी साधनलाई कुलेखानी-सिस्नेरी छैमले-दक्षिणकाली-फर्पिङतर्फ एकतर्फी आउने मात्र र मकवानपुरतर्फ जाने सवारीसाधनलाई फर्पिङ-टल्कु-हुमाने हुँदै एकतर्फीरुपमा जाने गरी व्यवस्था गर्न दक्षिणकाली नगरपालिकाले सहजीकरण गर्न आग्रह गरेको हो । दक्षिणकाली नगरपालिकाले जिल्ला प्रशासन कार्यालय, काठमाडौं र जिल्ला प्रशासन कार्यालय, मकवानपुरमा पत्राचार गरी एकतर्फी मात्र सवारी आवागमन गर्ने व्यवस्था मिलाउन माग गरेको हो ।

# शिक्षककल्याण बचतमा कँडेलको नेतृत्व




साझाकुरा संवाददाता

हेटौंडा, १४ पुस/नेपाल शिक्षक संघद्वारा सञ्चालित शिक्षक कल्याण बचत तथा ऋण सहकारी संस्था लिमिटेडको शनिबार हेटौंडामा पाचौं साधारणसभा भएको छ ।

सभाले सुवासचन्द्र कंडेलको नेतृत्वमा ९ सदस्यीय कार्यसमिति चयन गरेको छ । सभाले उपाध्यक्ष गोपालचन्द्र भट्टराई, सचिव यादवराज बराल र कोषाध्यक्ष प्रेमप्रसाद पौडेललगायतको पदाधिकारी चयन गरेको छ । सदस्यमा क्रमश: प्रदीप भोम्जन, बिक्रम चौरेल, गंगा पराजुली, उपेन्द्र जैसवाल र तिलक बिक चयन भएका छन् ।

शिक्षककल्याण बचत तथा ऋण सहकारी संस्थाका कार्यबाहक अध्यक्ष कँडेलको सभाध्यक्षता, नेपाली कांग्रेस मकवानपुर सभापति बुद्ध लामाको प्रमुख आतिथ्यता तथा नेपाल शिक्षक संघ मकवानपुर अध्यक्ष गणेश हुमागाईको बिशिस्ट आतिथ्यतामा सधारणसभा भएको हो । सभामा उत्कृष्ट बचतकर्ता र असल ऋणी प्रदीप भोम्जन र रत्ना श्रेष्ठ सम्मानित भए । कांग्रेस जिल्ला सभापति लामाले सहकारीमा पैसा बचत गर्नाले भबिस्यमा आर्थिकरुपमा सहज हुने बताए । उनले सहकारीबारे फैलिएको विभिन्न भ्रमलाई चिर्दै आर्थिक क्रान्तिमा योगदान पुर्‍याउन सहकारी संस्थालाई सुझाए ।

कार्यक्रममा शिक्षक संघ मकवानपुरका संस्थापक रामनरेश यादव, नेपाल शिक्षक संघ मकवानपुरका सल्लाहकार तथा नेपाल प्रजातान्त्रिक सेनानी संघ अध्यक्ष दीपकलाल खतिवडा, नेपाली कांग्रेस जिल्ला सदस्य कालु घलान, नेपाल शिक्षक संघ, महासंघ र ट्रेड युनियन प्रतिनिधि लगायतको उपस्थिति थियो ।


## आगो, हिटर वा गिजर प्रयोगमा होसियारी अपनाऔं

☞ आगो वा हिटर नजिकबाट नतापौं,
☞ कागज, कपडा जस्ता छिटो जल्ने खालका सामग्री आगो वा हिटरको नजिकै नराखौं,
☞ कोठामा आगो वा हिटर बाल्दा हावा ओहोरदोहोर हुने व्यवस्था मिलाऔं,
☞ हिटरलाई समय समयमा बन्द गर्ने गरौं,
☞ आगो वा हिटर बन्द गरेर मात्र सुतौं,
☞ आगो, हिटर र बिजुलीको काम सकिने बित्तिकै बन्द गरौं,
☞ बाथरुममा गिजरको प्रयोग गर्दा भेन्टिलेसन खुला राखौं,
☞ गिजर खोलेर लामो समयसम्म बाथरुममा नबसौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड





हेटौंडा उपमहानगरपालिका-१२, स्थित कञ्चनजंघा कृषि सहकारी संस्था लिमिटेडमा आवद्ध महिलाले १५ कठ्ठा जग्गामा लगाएको साग टिप्दै सहकारीकी कोषाध्यक्ष श्रेया गुरुङ । सागलाई गुन्द्रुक बनाएर सहकारीले बिक्रिवितरण गरिरहेको छ । जाडोयाम सुरु भएसँगै गुन्द्रुकको माग बढेको छ । गुरुङका अनुसार काठमाडौं, स्थानीय होटलको मागलाई धान्न नसकिने अवस्था छ । उनको समूहमा १० जना महिला सहभागी छन् । *तस्बिरः प्रतिक्षा न्यौपाने/साझाकुरा*

# बालश्रमबिरुद्ध बकैयाका शिक्षकको प्रतिबद्धता

साझाकुरा संवाददाता

हेटौंडा, १४ पुस/ मकवानपुरको बकैया गाउँपालिकामा बालश्रम अन्त्य गर्न विद्यालयका शिक्षक एवम् शिक्षाकर्मीले बालश्रम बिरुद्ध क्रियाशील हुने प्रतिबद्धता जनाएका छन् ।

गाउँपालिका अध्यक्ष धर्मराज लामिछानेको सभाध्यक्षतामा आयोजित कार्यक्रममा सहभागीले बालश्रमबिरुद्ध सबै क्रियाशील हुनुपर्ने धारणा राखेको थिए । गाउँपालिका अध्यक्ष लामिछानेले विद्यालयको तथ्यांकले कक्षा छोड्ने दर बढ्दै गएको पाइएको बताए । विद्यालय बाहिर रहेको बालबालिका बालश्रममा जानसक्ने, बालबिबाह हुनसक्ने, बालबिबाह पश्चात् पुन: बालश्रम हुँदै ओसार पसार र बेचबिखनमा पर्नसक्ने सम्भावना रहेकोले बताए । विद्यालयमा ड्रपआउट घटाउन र विद्यालय बाहिर रहेको बालबालिकालाई विद्यालयमा ल्याउन विद्यालयका शिक्षक एवम् ब्यबस्थापन समितिलाई मिहिन ढंगले क्रियाशील हुन अध्यक्ष लामिछानेले आग्रह गरे ।

गाउँपालिका उपाध्यक्ष भक्तबहादुर खत्रीले जिम्मेबार अभिभावक हुन नसकेको कारणले बालबालिका बालश्रम गर्न बाध्य हुन परेको बताए । उपाध्यक्ष खत्रीले टोल विकास संस्थामार्फत् अभिभावकलाई जिम्मेबार भूमिका निर्बाह गर्न सचेतना कार्यक्रमको आयोजना गर्ने योजना रहेको बताए । शिक्षकले बालबालिकालाई विद्यालयमा टिकाउने र गुणस्तरीय शिक्षा दिने कार्य गर्न उपाध्यक्ष खत्रीको आग्रह थियो ।

प्रमुख प्रशासकीय अधिकृत महेश श्रेष्ठले गाउँपालिकाको २८ वटा विद्यालयको शिक्षकबाट बाल संरक्षणको लागि भाबि कार्ययोजना तयार पारिएकोमा प्रशंसा गर्दै सार्वजनिक शिक्षाको सुदृढिकरण, विद्यालय छोड्ने दरमा कमी ल्याउन र गुणस्तरीय शिक्षाका लागि जिम्मेबार बन्न आग्रह गरे । विद्यालयले तयार पारिएको कार्ययोजनालाई सफलता पूर्वक सम्पन्न गर्न पालिकाले सहकार्य गर्ने उनले बताए । कार्यक्रममा बालकल्याण समाजका अध्यक्ष प्रकाश खतिवडा, गाउँपालिका शिक्षा प्रमुख आईतराम तामाङ, रोजगार संयोजक रामचन्द्र खड्का, महिला विकास निरीक्षक एवम् बालकल्याण अधिकारी होमकुमारी संजेलको आतिथ्यता रहेको थियो ।

कार्यक्रम ग्लोबल मार्चको सहयोगमा बकैया गाउँपालिका, स्वतन्त्रता अभियान र बालकल्याण समाज मकावानपुरको संयुक्त आयोजनामा भएको हो । महेन्द्र मावि बकैया-४ को प्रधानाध्यापक देबकी सिग्देल र प्रभात मावि बकैया-५ को प्रधानाध्यापक दिपेश देवकोटाले सबै शिक्षकको प्रतिनिधित्व गर्दै अभिभावकलाई जिम्मेबार अभिभाावक बन्न सचेतना मूलक कार्यक्रम आवश्यक रहेको बताए । बिपन्न बालबालिकालाई छात्रबृत्ति, जन्मदर्ता नभएका बालबालिकाको जन्मदर्ता बनाउन पालिकाको प्रयास, बालबालिकालाई विद्यालयमा टिकाउने योजना र क्रियाकलाप, शिक्षकलाई अभिप्रेरित गर्ने कार्यक्रम ल्याउन सके शिक्षाको गुणस्तर बृद्धि हुने बताए ।

सहभागी शिक्षकले विद्यालयमा ड्रपआउट हुन नदिन, विद्यालय छोडेका बालबालिकालाई पुन विद्यालयमा फर्काउन, विद्यालय बाहिर रहेका बालबालिकालाई बिशेष रुपमा विद्यालय ल्याउन उल्लेख्य भूमिका निर्वाह गर्दै विद्यालयलाई बालमैत्री विद्यालय बनाउन र बालबालिकाको संरक्षणको अधिकार सुनिश्चित गर्न कटिबद्ध रहनेबारे प्रतिबद्धता गरिएको थियो ।

# लायन्स क्लव आरम्भ देउरालीद्वारा विद्यार्थीलाई न्यानो कपडा



साझाकुरा संवाददाता

हेटौंडा, १४ पुस/ लायन्स क्लव अफ काठमाडौं आरम्भ देउरालीले मकवानपुरको थाहानगरका दुई विद्यालयका विद्यार्थीलाई न्यानो कपडा वितरण गरेको छ । थाहा-११ स्थित कालिदेवी प्राविका ४९ जना र थाहा-९ स्थित जलदेवी प्राविका ४७ जना विद्यार्थीलाई ट्राकसेट, टोपी, कापीकलम वितरण गरेको हो ।

कार्यक्रम लायन्स क्लव अफ थाहा पिसले समन्वय गरेको हो । काठमाडौं आरम्भ देउरालीका अध्यक्ष यमकुमारी रानाभाटको अध्यक्षतामा दुवै विद्यालयमा भएको कार्यक्रममा प्रमुखअतिथि लायन्स क्लव अन्तर्राष्ट्रिय ३२५ एमका सेकेन्ड भाइस गभर्नर रत्न पराजुली, सेक्रेटरियट चिफ उदयकुमार नेपाल, को चिफ एड्भाइजर माधव पाण्डे, गीता शर्मा चापागाई, डिपार्टमेन्ट हेड तथा थाहा पिसका संस्थापक अध्यक्ष सुरेन्द्रमान प्रधान, डिपार्टमेन्टको हेड कल्पना घिमिरे, रिजन चियर पर्सन दुर्गा थापा केसी, आरम्भ देउरालीका प्रथम उपाध्यक्ष कल्पना थापा, थाहा पिसमा द्वितीय उपाध्यक्ष निरज रायमाझी, सचिव दीपक थिङले न्यानो कपडा वितरण गरेका हुन् ।

कार्यक्रममा डिपार्टमेन्ट हेड तथा थाहा पिसका संस्थापक अध्यक्ष प्रधानले लगातार ३ वर्षदेखि थाहाका ६ वटा विद्यालयमा न्यानो कपडा वितरण गरिसकेको बताउँदै गरिब विद्यार्थीको शिक्षाका लागि निरन्तर लागिरहने बताए । कार्यक्रममा को चिफ एड्भाइजर गीता शर्मा चापागाईंले आफूहरुको रोजाइ मकवानपुरको थाहा नगरका ग्रामीणक्षेत्र रहेको बताइन् । सेक्रेटेरियट चिफ उदयकुमार नेपालले न्यानो कपडा मात्र नभई अन्य सहयोगको अपेक्षा भए लायन्स क्लव साथमा रहने बताए ।

प्रमुखअतिथि पराजुलीले लायन्स क्लवमार्फत मकवानपुरको ग्रामीणक्षेत्रमा सेवा गर्ने अवसर मिलेकोमा खुशी व्यक्त गरे । आरम्भ देउराली अध्यक्ष रानाभाटले आफ्नो कार्यकालमा थाहानगरमा सेवा गर्न पाएकोमा खुशी व्यक्त गरे । आरम्भ देउरालीले यसअघि थाहा-११ कै नागछेडा, १२ को लिति, थाहा-१ को झम्केश्वरी, थाहा-४ को महांकालमा न्यानो कपडा वितरण गरिसकेको छ ।


## श्री बज्रवाराही बचत तथा ऋण सहकारी संस्था लि.

थाहा नगरपालिका-६, टिष्टुङ, बज्रबाराही, मकवानपुर

## धितो लिलामबारे ३५ दिने अत्यन्त जरुरी सार्वजनिक सूचना

*(प्रथम पटक प्रकाशित मिति २०८१/९/१५)*

यस श्री बज्रवाराही बचत तथा ऋण सहकारी संस्थामा तपसिलमा उल्लेखित ऋणी सदस्यले यस संस्थाबाट उपभोग गर्नुभएको ऋण रकम संस्थासंग गर्नुभएको ऋण सम्झौताबमोजिम बुझाउनको लागि संस्थाबाट पटकपटक मौखिक, लिखित ताकेता तथा ३५ दिने राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित गर्दा समेत वेवास्ता गरी ऋण भुक्तान गर्नेतर्फ कुनै पहल नगरेको हुँदा सहकारी ऐन, २०७४ को दफा ७९ र सहकारी नियमावली, २०७५ को नियम ३० बमोजिम यो सूचना प्रकाशित गरिएको छ । यो सूचनाको अवधिभित्र पनि ऋण तिर्न आनाकानी गरेमा अचल सम्पती तल उल्लेखित मिति, समय र स्थानमा लिलाम बिक्री गरी उक्त ऋणको सम्पूर्ण साँवा, व्याज तथा हर्जनालगायतका अन्य दैदस्तुर असुल उपर गरिने जानकारी गराइन्छ ।

**तपशिल**

| क्र.सं | ऋण शीर्षक | ऋणीको नाम, थर, वतन तथा व्यक्तिगत जमानीकर्ताहरुको विवरण | धितो सुरक्षणमा रहेको अचल सम्पति तथा ऋणको सावाँव्याज तथा हर्जना सम्बन्धीविवरण | ऋणी तथा जमानीकर्ताहरुको फोटो |
|---|---|---|---|---|
| १. | व्यवसाय | **ऋणी सदस्य**<br>नाम: पूर्ण बहादुर गोपाली<br>बुबाको नाम : गज बहादुर गोपाली<br>बाजेको नाम : हर्क बहादुर गोपाली<br>ना.प्र.न.: ३२५३<br>जारी मिति : २०३९/०९/२९<br>ठेगाना : हेटौंडा उ.म.न.पा. वडा नं. ४<br>**व्यक्तिगत जमानीकर्ता**<br>नाम : धनकुमारी गोपाली<br>श्रीमान् : पूर्ण बहादुर गोपाली<br>सुसुरा : गज बहादुर गोपाली<br>ना.प्र.नं. : १११५<br>जारी मिति : २०४५/१/२३<br>ठेगाना: बज्रबाराही गा.वि.स. वडा नं. ६ | पूर्ण बहादुर गोपालीको नाममा मालपोत कार्यालय शिखरकोटमा श्रेस्ता कायम रहेको टिष्टुङ गा.वि.स. वडा नं. ३, कित्ता नं. : १९३१, १३२६, ९८७, १८३३ क्षेत्रफल:०-८-०-१, ०-५-१-०, १-७-३-०, १-०-०-२ क्रमश:<br>सावाँ : १९,३५,२२६.३९<br>व्याज : ७,६१,४९७.५०<br>हर्जना : ६९,८७०.५२<br>**जम्मा : २७,६६,५९४.४१** | <br> |

**लिलाम बोलपत्र सम्बन्धी शर्तहरु:**

१. लिलाम बोलपत्र आवेदन फारम यस संस्थाको मुख्य कार्यालय थाहा न.पा. ६, टिष्टुङ, बज्रबाराही, मकवानपुरबाट रु. १००।- (एक सय रुपैयामात्र) पछि फिर्ता नहुने गरी भुक्तान गरी प्राप्त गर्न सकिनेछ ।
२. माथि उल्लेखित सम्पत्ति निरीक्षण गर्न चाहेमा लिलाम बोलपत्र पेश गर्नुअगावै संस्थाको ऋण शाखामा सम्पर्क राखी निरीक्षण गर्न सकिनेछ ।
३. अन्य शर्तहरु लिलाम बोलपत्र फारममा उल्लेख भएबमोजिम हुनेछन् र ती शर्तहरु यसै सूचनाको अभिन्न अंग मानिने छ ।

**लिलाम बोलपत्र पेश गर्ने अन्तिम मिति:** २०८१/१०/२० गते आइतबार दिनको ४:०० बजेभित्र ।
**लिलाम बोलपत्र खोलिने मिति:** २०८१/१०/२१ गते सोमबार
**समय:** दिनको १:०० बजे
**बोलपत्र खोलिने स्थान:** संस्थाको मुख्य कार्यालय थाहा न.पा. ६, टिष्टुङ, बज्रबाराही, मकवानपुर
सम्पर्क: ९८५१०४६१५१, ९८५५०३७१०४, ९८५५०१७१०४


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना